Jana Aakash National Weekly
www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १८, अंक- ३५, २०८२ साल फागुन १७ गते मंगलबार (March 31, 2026) www.janaakash.com.np

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**
**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# सरकारले सार्वजनिक गऱ्यो हन्डेड कार्यसूची



**सरकारले ल्याएको शासकीय सुधारका हन्डेड कार्यसूची संक्षेपमा यस प्रकार छ ।**

१. निर्वाचन सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिइयो ।
२. सरकारलाई परिणाममुखी र जवाफदेही बनाइने ।
३. सबै दलका प्रतिबद्धता मिलाएर राष्ट्रिय प्रतिबद्धता बनाइने ।
४. संविधान संशोधनका लागि राष्ट्रिय सहमति खोजिने ।
५. दलित तथा वञ्चित समुदायप्रति औपचारिक माफी मागिने ।
६. जेन्जी आन्दोलन पीडितलाई राहत र पुनःस्थापना गरिने ।
७. घटनाको छानबिन गर्न उच्चस्तरीय समिति गठन गरिने ।

» बाकी ६ पृष्ठमा

काठमाडौं । नेपाल सरकार मन्त्री परिषदले मन्त्री परिषद विस्तारकै दिन २०८२ चैत्र १३ गते एकसय शासकीय हन्डेड कार्यसूची १०० दिनमा परिणाम देखिने काम गर्ने प्रतिबद्धता सहित सार्वजनिक गरेको छ । नेपाल सरकारले सर्वाजनिक गरेको कार्यसूचीमा २०८२ भदौ २३ गते जेन्जी विद्रोह गरेर साहदत प्राप्त सहिदहरु प्रति श्रद्धाञ्जली व्याक्त गरिएको छ । त्यसको जगमा बनेको अन्तरिम सरकार शुशिला कार्की नेतृत्वले शान्तिपूर्ण निर्वाचन गराउन सकेकोमा धन्यवाद दिएको छ । सरकारले जारी गरेको शासकीय सुधारका कार्यक्रमा ६० दिन देखि १०० दिन भित्रमा सबै खालका प्रणलीहरुको शुरुवात गर्ने उल्लेख छ ।

## पूर्व राष्ट्रपति भण्डारीले लिइन ओलीको स्वास्थ्य अवस्थाबारे जानकारी



काठमाडौं- पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको स्वास्थ्य अवस्थाबारे जानकारी लिएकी छन् ।

सोमबार त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्ज पुगेर पूर्व राष्ट्रपति भण्डारीले ओलीको स्वास्थ्य अवस्थाबारे जानकारी लिएको भण्डारीका स्वकीय सचिव राजकुमार राईले जानकारी दिए ।

पूर्वराष्ट्रपति भण्डारीले चिकित्सकसँग पनि ओलीको स्वास्थ्य अवस्थाबारे जानकारी लिएको उनले बताए । पूर्व » बाकी ६ पृष्ठमा

## महिलाका लागि ‘ब्लु बस’ सञ्चालन गर्ने सरकारको घोषणा




काठमाडौँ- सरकारले महिलाहरूको सुरक्षाका लागि भन्दै ‘ब्लु बस’ सञ्चालन गर्ने योजना अघि सारेको छ । शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले स्वीकृत गरेको १०० कार्यसूचीमा यो योजना पनि समावेश छ ।

‘महिलाहरूको सुरक्षित आवागमन सुनिश्चित गर्न सातै प्रदेशमा निःशुल्क ब्लु बस सेवा सञ्चालन गर्ने,’ सरकारको कार्यसूचीमा उल्लेख छ, ‘पहिलो चरणमा १०० दिनभित्र कम्तीमा २५ वटा बस सञ्चालनमा ल्याउने ।’ त्यस्तै सार्वजनिक यातायातमा हुने लैंगिक हिंसा रोकथाम गनए सबै सवारी » बाकी ६ पृष्ठमा

## आईजीपिलाई प्रधानमन्त्रीले फुली लगाउने व्यवस्था मिलाउन पहल गर्छ : गृहमन्त्री




काठमाडौं- प्रहरी महानिरीक्षक (आईजीपी)लाई प्रधानमन्त्रीले फुली लगाइदिने व्यवस्था बनाउन पहल गर्ने गृहमन्त्री सुधन गुरुङले बताएका छन् ।

सोमबार प्रहरी प्रधान कार्यालयको निरीक्षण गर्दै मन्त्री गुरुङले यस्तो बताएका हुन् । अहिले भने आईजीपीलाई गृहसचिवले फुली लगाउने चलन छ । यसअघि भने अवकाशमा जाँदै गरेका आईजीपीले आउने आईजीपीलाई फुली लगाउने प्रचलन थियो ।

त्यस्तैगरी मन्त्री गुरुङले प्रहरी पोशाक नेपालमै उत्पादन गर्ने र स्तरीय पनि बनाइने पनि बताएका छन् । गृहमन्त्री गुरुङले आफ्ना समस्या राख्न सधै खुला रहेको बताएका छन् ।

गृहमन्त्रीको हैसियतमा आफू र रास्वपा पार्टीबाट प्रहरीमा कुनै दबाब, प्रभाव नहुने बताए । संठनलाई बलियो बनाउन आफू भरपुर लाग्ने उनले बताए । आईजीपीलाई थप शक्तिशाली बनाइने पनि उनको बताए ।

सेवा प्रवाह राम्रो गर्न निर्देशन दिँदै मन्त्री गुरुङले कुनै पनि मन्त्रीलाई ट्राफिक सेवामा प्राथमिकता नदिन पनि निर्देशन दिएका छन् । गृहमन्त्री गुरूङलाई नेपाल प्रहरी प्रधान कार्यालयमा » बाकी ६ पृष्ठमा




## प्रधानमन्त्री बालेनसमक्ष ज्ञानेन्द्र शाहीको ९ बुँदे माग



काठमाडौं- राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)समक्ष ९ बुँदे माग राखेका छन् ।

प्रधानमन्त्री बालेन्द्रले सांसदहरूसँग प्रदेशगत रुपमा परामर्श लिइरहेका छन् । यसक्रममा शाहीले प्रधानमन्त्रीसमक्ष कर्णाली प्रदेशको विकास, पूर्वाधार विस्तार, शिक्षा तथा स्वास्थ्य क्षेत्रका विषय उठाएका हुन् । त्यसक्रममा उनले रोजगारी सिर्जना र स्थानीय स्रोत-साधनको सदुपयोग लगायतका ९ बुँदे माग प्रस्तुत गरेका हुन् ।

जवाफमा प्रधानमन्त्री बालेन्द्रले कर्णालीको दीगो तथा समावेशी विकासका लागि सरकार प्रतिबद्ध रहेको बताए । आवश्यक नीतिगत तथा संरचनागत सहयोग प्रदान गर्ने आश्वासन दिए । उक्त भेटमा कर्णाली प्रदेशबाट निर्वाचित सबै सांसदहरू उपस्थित थिए ।

## ओलीमाथि अनुसन्धान हुँदा निष्पक्षता कायम होस् : प्रचण्ड



काठमाडौं- नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल प्रचण्डले निष्पक्ष ढंगले एमाले अध्यक्ष केपी ओलीमाथि अनुसन्धान हुनुपर्ने बताएका छन् ।

आइतबार नेकपा कार्यालय पेरिसडाँडामा सञ्चारकर्मीसंग कुरा गर्दै प्रचण्डले राजनीतिक आग्रह-पूर्वाग्रह नराखि निष्पक्ष र स्वतन्त्र ढंगले एमाले अध्यक्ष केपी ओलीमाथि » बाकी ६ पृष्ठमा

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ३५,
२०८२ साल चैत १७ गते मंगलबार
31 MARCH 2026, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

### निर्वाचनको ताजा जनादेशलाई सदुपयोग गर ।

नेपालमा २०८२ सालको निर्वाचन अन्य निर्वाचन भन्दा फरक ढंगवाट सम्पन्न भएको निर्वाचन हो । यो निर्वाचन नेपाली विद्यार्थीहरूले गरेको शान्तिपूर्ण आन्दोलन भड्किएर हिंसात्मक भएको र त्यो हिंसापछि उत्पन्न परिस्थितिको जगमा नेपाली सैनिकले प्रत्यक्ष त्यतिवेलाको अवस्थालाई नियन्त्रणमा लिएर सैनिकले नै बनाईदिएको सरकारले गराएको निर्वाचन हो । यस निर्वाचनवाट प्राप्त मत अन्य निर्वाचनको वेलाको जस्तो नभई साहदत भएका युवा विद्यार्थीहरूको चाहाना नेपालमा सुशासन कायम गर्न, भेदाभाव रहित समाजको निर्माण गर्न कुनैपनि नागरिकलाई अन्याय हुन नदिन पूर्ण नागरिकको स्वतन्त्रता सुनिश्चित गर्न, नेपालको विकासका सम्भावनालाई पल्याई प्रचुर विकासको थालनी गर्न जनताले राष्ट्रिय स्वतन्त्र पार्टीलाई स्पष्ट बहुमत दिएर पठाएका हुन् । यो सरकारलाई कुनैपनि प्रतिपक्षले हल्लाउन पनि सक्दैन । भ्रुकाउन सक्दैन । रोक्न सक्दैन । छेक्न सक्दैन । विरोधले केही फकर पादैन । गर्न चाहेको सवै काम रफ्तारमा गर्न सक्छ । विगतमा जनताले राजनीतिक पार्टीहरूलाई वाडेर मत दिदा देशको विकास हुन सकेन । सरकार बलियो भएन भनेर राजनीतिक पार्टीहरूले जनतालाई भन्दै अएका थिए र राजनीतिक पार्टीहरूले पनि सरकारमा भागबण्डा गरेर सरकार चलाउदा देश र जनताको हितमा काम थोरै मात्र भएका थिए । त्यसैले जनता असन्तुष्ट हुदै आएका थिए । जनताले त्यहि बुझेर २०८२ को निर्वाचनमा नयाँ भनिएको राष्ट्रिय स्वतन्त्र पार्टीलाई झण्डै दुईतिहाई बहुमत दिएर पठाएका छन् । यस पटक परिणाम ल्याउन नसक्ने अर्थात देश जनताको हितमा काम नगर्ने छुट यो सरकारलाई छैन ।

त्यसकारण यो अवसरलाई जतिसक्दो सदुपयोग गर्नुपर्ने छ । गर्न सकिने मानव हित र देशको हितमा सवै काम छिटो छरितो र पारदर्शी ढंगवाट गर्नुपर्ने छ । यदि तयसो गर्न सकियन भने ताजा जनादेशवाट आएको सरकालाई जनताले नै पुनः फाल्नेछन् ।

तयसो भएको हुनाले असफल हुनुभन्दा देश र जनतको हितमा काम गरेर देखाउने अवरसरलाई सदुपयोग गर्नुपर्दछ ।

# स्वच्छ राजनीतिको अपेक्षा



■ केशव अधिकारी

**विगतका राजनीतिक खेलाडीका रुपमा कहलिएका, पुराना भनिएका राजनीतिक दलका नेता, जो चुनावमा पराजित भई निन्याउरो भएका छन्, उनीहरुले पनि बालेन नेतृत्वको सरकारसाग सहकार्य गर्ने प्रतिबद्धता जाहेर गर्दै गरेको कुरा नेपथ्यमा बसेका जनताले नियालिरहेको परिवेश छ । उनीहरूसाग सहकार्य गर्न‘, भरसक सबैलाई समेटेर राजनीतिको मूल प्रवाहमा ल्याउन सक्नु राजनीतिका वर्तमान चतुर खेलाडीको कर्तव्य हुन्छ ।**

विगत धेरै वर्षदेखिको राजनीतिक फोहोरले गर्दा राजनीति यति धेरै फोहोर, विकृत र अपाङ्ग भएको छ कि बयान गरेर साध्य छैन । राजनीतिको र पनि नजान्ने मान्छे जो अरु सबैतिरबाट असफल भएर कवाडीमा परिणत हुन पुग्छ, त्यसपछि ऊ राजनीतिको बलियो छहारीमा ओत लागेर दुई नम्बरी धन्दा गर्दै कमाउन थाल्छ अनि विगतमा बिग्रेको छविलाई बिस्तारै चम्काउन थाल्छ । धनको आडमा छवि चम्काउने काम गरेपछिका दिनमा ऊ बलियो र भरिसक्य राजनेताको उपाधिले विभूषित हुन्छ ।

उसले पनि कोठामा कार्ल मार्क्स, एन्गेल्स, विश्वेश्वर कोइरालाहरुमध्येका कसैको फोटो भित्तामा टाँगेर सोही हतियारको आडमा दुनियाँ ठग्न थाल्छ । राजनीतिको बलियो आधार पाएपछि उसलाई निरङ्कुश बन्न कुनै साइत पर्खनुपर्दैन । त्यति बेला उसको राजनीतिक लक्ष्य पूरा भएको ठानेको हुन्छ ।

ऊभित्रको मले यति धेरै अहङ्कार बोकेको हुन्छ कि बयान गरेर साध्य लाग्दैन । २०८२ फागुन २१ को चुनावअगाडिका दिनसम्म कम्युनिस्ट पार्टीका एकजना नेता भन्दै थिए- ‘हाम्रो राजनीतिक दलले गरेको निर्णयलाई कसले छानबिन गर्ने आँट गर्न सक्छ ? हामीले जे निर्णय गर्छौं, सोहीअनुसार हुन्छ ।’ यसरी राणा प्रधानमन्त्री जंगबहादुरको शैलीमा बोलेको सुनिदै थियो तर चुनावपछाडिका दिनमा पराजित भएर भिजेको मुसोजस्ता देखिने ती नेताको हालत हेर्नलायकको भएको छ ।

विगतका सयौँ वर्षदेखि निरन्तररुपमा स्थापित भएर चल्दै आएको राजसंस्थाको समूल अन्त्य भएपछिका दिनमा सबैजसो र तिनमा पनि ठूला मानिएका राजनीतिक दलका शीर्ष नेताभन्दा माथि त भगवान् पनि छैन होला भन्नेजस्तो सोचाइ आम जनताको मानसमा पर्न थालेको थियो । उनीहरु देश र जनतालाई माया गर्ने त एक थोपो पनि होइन, बरु कसरी दुहेर खान पाइन्छ ? भन्ने कमाउ मानसिकताको सिकार भएका हुनाले राजनीतिक दलभित्र जति मात्रामा फोहोरको थुप्रो लागोस्, त्यसलाई सफा गरेर आफ्नो राजनीतिक दललाई फोहोरमुक्त बनाउने प्रयासमा कति पनि लाग्न सकेनन् ।

हरेक नेताका कोठामा कार्ल मार्क्सले लेखेका, विश्वेश्वरप्रसाद कोइरालाले लेखेका किताब सजाएर राखेका देखिन्थे तर तिनलाई अध्ययन गरेर तिनबाट केही पाठ सिक्ने कुरा भनेका परका कुरा थिए । उनीहरूको रातदिनको मानसिक सोचाइ भनेको पैसा कसरी कमाउने र सोही पैसाको आडमा आफूमा भएको प्रभुत्व कसरी कायम राख्ने ? भन्ने नै थियो । यिनै सिलसिला पूरा गर्नको लागि उनीहरूले विगतमा खोलिएका छालाजुत्ता कारखाना, भृकुटी कागज कारखानाजस्ता उद्योगहरू कौडीका भाउमा बेची कालो धन खाएर मोटाउन थालेका हुन् ।

कोही पनि विदेशीले पैसा दिने सर्तमा देशलाई घात गर्ने जस्तासुकै कर्म गर्न भए पनि यिनीहरू उद्यत भएका हुन्थे । नेपालको राजनीतिक वृक्षको छहारीमा सामेल भएका कसैले पनि त्यो राजनीतिको फोहोरलाई हटाउने आँट र सफल प्रयास गर्नै सकेन र गर्न सक्ने अवस्था पनि थिएन । यदि कसैले त्यो कुरो उठायो भने उसलाई सिध्याउन पनि बेर लाग्दैनथ्यो । जनप्रिय नेता कमरेड मदन भण्डारी र कमरेड जीवराज आश्रितको अवसान पनि सोही कारणले गर्दा रहस्यमय तरिकाले भएको थियो भन्ने कुरा आम नेपाली जनताले भर्खर बुझ्दै छन् ।

राजनीतिभित्रको फोहोर सफा गरेको खण्डमा विगतमा आफूले गरेका काला कर्तत देखा पर्ने मात्र होइन कि छताछुल्ल नै होलान् कि भन्ने भयका कारण कुनै पनि पुराना राजनीतिक दलका कुनै पनि नेताले राजनीतिलाई स्वच्छ बनाउने प्रयासमा लागेको कहिल्यै पाइएन । त्यही राजनीतिक फोहोर यति धेरै भयो कि अब त्यसलाई चाँडो सफा नगरेको खण्डमा हामी नेपालीलाई मात्र होइन कि छिमेकीलाई समेत खराब असर गर्नेवाला थियो ।

यसै परिवेशलाई उल्टाउनको लागि र राजनीतिलाई जति सक्दो स्वच्छ बनाउनको लागि त्यति धेरैले बलिदानी दिएरै भए पनि जेन्जी पुस्ताले आन्दोलन गर्नपर्ने बाध्यात्मक अवस्था सिर्जना हुन पुग्यो । यसै आन्दोलनको आड र सबैको अनुरोधको आधारमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भएर तोकिएको मितिमै शान्तिपूर्ण वातावरणमा चुनाव सम्पन्न भयो । यस चुनावमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले झन्डै दुई तिहाइ बहुमतले वजय हासिल गरी शायद नेपालको इतिहासमै सबैभन्दा शक्तिशाली सरकार युवानेता बालेन्द्र साहको नेतृत्वमा बनेको छ ।

रास्वपाको निर्वाचित सरकारको कार्यशैली आम जनताले थाहा पाउने गरी वा पारदर्शी हुन जरुरी छ । जहाँ गरिने जुनसुकै काम होस्, सबैले देखेर वा पारदर्शी बनाएर गरिन्छ भने त्यो स्वच्छ हुन्छ र त्यसले सबैलाई फाइदै गर्छ । तर लुकाएर वा आम जनताले थाहा पाउलान् कि भनेर पापी सोचाइबाट गरिन्छ भने त्यही बेलादेखि रास्वपाभित्र पनि क्रमशः राजनीतिक फोहोर थुप्रिन शुरु हुन्छ । उक्त राजनीतिक दलका शीर्ष नेताका दैनिक क्रियाकलापका आधारमा, देश र जनताप्रतिको उनीहरुको सोचाइका आधारमा फोहोर थुप्रिने कि स्वच्छ हुँदै जाने भन्ने कुराको निर्धारण हुने गर्दछ ।

उनीहरूले गरेका पापकर्मलाई गुपचुप नै राख्न खोजे भने फोहोर थुप्रिन थालेको कुरा सङ्केत गर्दछ । फोहोर भनेको अँध्यारो पक्ष हो । पापकर्म गर्ने मान्छेले जहिले पनि अँध्यारो रात पर्खेर सोही रातको समयमा गर्ने गर्दछ । कुनै पनि राजनीतिक दल भन्नुको अर्थ धेरैजना सदस्यहरू रहेको एउटा परिवार हो । परिवारका ज्येष्ठ सदस्यले अराएको सही काम, दिएको निर्देशन सबैले पालना गर्नपर्ने भए पनि आफ्नै अहङ्कार र व्यक्तिगत स्वार्थमा रमाउने सदस्यले निर्देश र सल्लाह दुवै नमान्न वा उल्लङ्घन गर्न पनि सक्छ । यस्तो अवस्थामा उक्त सदस्यलाई सख्त कार्यवाही गर्ने हो भने त्यसपछिका दिनमा अरु कुनै पनि सदस्यले त्यस्तो हर्कत गर्ने प्रयास गर्नेछैन ।

विगतको त्यो समय, जुन समयमा तत्कालीन नेकपा माओवादीका नेता (अध्यक्ष) पुष्पकमल दाहाल (प्रचण्ड)को नेतृत्वमा बनेको सरकारले आफ्नो राजनीतिक क्रियाकलापलाई पारदर्शीरुपमा भित्रै मनदेखि स्वच्छ प्रयास गरेको हुन्थ्यो भने त्यो सरकार अवश्य सफल हुन्थ्यो । त्यति मात्रै होइन कि केही महिनाअगाडि भएको जेन्जी आन्दोलनको कुनै चिनारी हुने थिएन । शायद हालसम्म पनि उहाँकै नेतृत्वमा बनेको सरकार कायम भई देश कायापलट हुने अवस्था आउने थियो । तर तत्कालीन माओवादी पनि विदेशी इशारामा चल्दा उसका काम अँध्यारैमा गर्नपर्ने खालका भए । जसले गर्दा त्यो सरकार दिगो हुन सकेन ।

आज बनेको बालेन्द्र साह नेतृत्वको सरकारसँग करोड जनताको विश्वास रहेको छ । यो सरकारले आम जनताको भावना र चाहनाअनुसारको शासन गर्न सक्षम हुनेमा हामी आश्वस्त छौँ । साथै आम नेपालीलाई सुख-शान्तिसँग बाँच्न अनि आफूले सकेका सुकर्म गरेर खान सक्ने वातावरण सिर्जना गर्नेछ भन्ने आशा छ । विदेशीको मुख नताकेर आफ्नै देशमा भएका साधन-स्रोतको अधिकतम उपयोग गर्दै देशलाई उन्नतिको शिखरतिर लैजानेछ भन्ने विश्वास रहेको छ ।

यदि सरकारले भित्री मनदेखि चाहेर गरेको खण्डमा नेपाली जनताको सोचाइअनुसारको उन्नति भएर जान सक्ने अवस्था बनाउन सक्छ । यावत विषयमा सक्षम हुनका लागि शासनको नेतृत्व लिने राजनीतिक दलभित्रका आम सदस्यहरुको मानस स्वच्छ र निर्मल हुन जरुरी छ ।

तर यहाँ चुनावमा लागेको खर्च मन्त्री भएर उठाउनुपरेको छ, या त सांसद बनेर अनियमित कामबाट कमाएको पैसाले उठाउनुपरेको छ । काठमाडौँको मुटु भागमा रहेको जमिन नकिनेर भएकै छैन । फलानाको जतिको दरबार बनाएर फलानाको सेखी झार्नं छ । हो, यस्ता र यही प्रकारका सोचाइ बोकी रास्वपाबाट निर्वाचित भएर आएका अनुहारहरु होलान् भन्न सकिन्न । तिनले पार्टी सभापति वा प्रधानमन्त्रीको आदेश वा सल्लाहलाई अक्षरशः पालना गर्लान् त ? यसमा नेतृत्व तहले ध्यान पुऱ्याउनै पर्छ । अबका दिनमा यस्तो मानसिकतालाई निरुत्साहित गरेर निर्लोभी बनाउँदै देशको उन्नतिमा समर्पित हुन सक्ने मानसिकता कसरी विकास गराउन सकिन्छ भन्ने कुरामा राजनीतिक दल सचेत हुन जरुरी छ ।

अर्को महत्वपूर्ण विषय के छ भने, विगतका राजनीतिक खेलाडीका रुपमा कहलिएका, पुराना भनिएका राजनीतिक दलका नेता, जो चुनावमा पराजित भई निन्याउरो भएका छन्, उनीहरुले पनि बालेन नेतृत्वको सरकारसँग सहकार्य गर्ने प्रतिबद्धता जाहेर गर्दै गरेको कुरा नेपथ्यमा बसेका जनताले नियालिरहेको परिवेश छ । उनीहरूसँग सहकार्य गर्नं, भरसक सबैलाई समेटेर राजनीतिको मूल प्रवाहमा ल्याउन सक्नु राजनीतिका वर्तमान चतुर खेलाडीको कर्तव्य हुन्छ ।

तर चुनावमा पराजित भएको असह्य पीडालाई भोग्दै गरेका पुराना नेताले कत्रो महान् लक्ष्य बोकेर सत्तारोहण गरेको राजनीतिक दललाई विगतको जसरी नै रसातलतिर धकेल्ने काम हुन थाल्यो भने आम नेपाली जनताको विश्वास कहाँनेर गएर अडिएला ? यो विषय विचरणीय छ ।

सरकार यतिसम्म चतुर तथा दूरदृष्टिको हुनुपर्छ कि कम्तीमा अबको पाँच वर्षपछि यो अवस्था आउनेछ र त्यसको सामना गर्न यो तरिकाले पाइला चाल्नुपर्छ भन्ने कुरामा सचेत रहन जरुरी छ । यसो भन्दै गर्दा पुराना र पराजित मानसिकताका राजनीतिक दलसँग शत्रुताको व्यवहार किमार्थ गर्नंहुँदैन । सरकारले सारा काम निःस्वार्थ, पारदर्शी र सकारात्मक सोचका साथ गर्दै छ भन्ने विश्वास आम जनातमा दिन सक्नुपर्छ । यसै तरिका र कर्मलाई राजनीतिक स्वच्छता भनिन्छ । राजनीतिक स्वच्छताबेगरको शासन ढिलो-चाँडो पतनतिरको बाटोमा लाग्ने भएकाले वर्तमान सरकार स्वच्छ र पारदर्शी हुन जरुरी छ ।

# तीन नयाँ हुलाक टिकटको टाँचा हस्तान्तरण, सञ्चारमन्त्रीले भने– अब स्मार्ट हुलाक



काठमाडौं- हुलाक सेवा विभागले पुरातात्विक तथा ऐतिहासिक महत्वका तीन नयाँ हुलाक टिकटहरू प्रचलनमा ल्याएको छ। विभागको स्वीकृत फिलाटेलिक कार्यक्रम अन्तर्गत जावा दाम (मुद्रा), धुरकोट दरबार गुल्मी र नृसिंह अवतार नाच (कार्तिक नाच) तस्वीर अंकित हुलाक टिकट प्रचलनमा ल्याएको हो।

विभागको कार्यालय बबरमहलमा सोमबार ओजित कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री डा बिक्रम तिमिल्सिनाले तीनवटै हुलाक टिकटको प्रथम दिवसीय आवरणमा टाँचा प्रदान गरे।

सो अवसरमा सञ्चारमन्त्री डा तिमिल्सिनाले मुलुकको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदा र संस्कृतिको जगेर्ना गर्दै राष्ट्रिय पहिचानको संरक्षण गर्न हुलाक टिकटले महत्वपूर्ण भूमिका खेल्ने बताए।

उनले हुलाकमार्फत सार्वजनिक सेवालाई नागरिकको समीपमा पुर्याउन हुलाक सेवालाई थप सुदृढ गर्नुपर्नेमा जोड दिए। सञ्चारमन्त्री तिमिल्सिनाले सरकारको सय बुदे मार्गचित्र अनुरुप कामको गति नयाँ ढंगले बढाउनेगरी कार्ययोजना पेश गर्न विभागलाई निर्देशन दिए। उनले जनतामा आशा जगाउनेगरी सकारात्मक कामको थालनी गर्न पनि आग्रह गरे।

मन्त्री डा तिमल्सिनाले हुलाक सेवालाई समयसापेक्षा प्रभावकारी बनाउन, स्मार्ट हुलाकको कामलाई चाडो अगाडि बढाउन आग्रह गरे। उनले सबै सरकारी निकायको काम समयसापेक्ष प्रविधिमैत्री बनाउन र नयाँ स्प्रीडका साथ सेवा प्रबाहलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिए।

मन्त्रालयका सचिव लक्ष्मीकुमारी बस्नेतले हुलाक टिकटमार्फत मुलुको पुरातात्विक तथा ऐतिहासिक सम्पदाहरुको संरक्षण र प्रचारप्रसार गर्न सघाउपुग्ने बताइन्। हुलाक सेवा विभागका महानिर्देशक मनमाया पँगेनी भट्टराईले हुलाक टिकटले अन्तराष्ट्रिय जगतमा नबोल्ने राजदूतको रुपमा महत्वपूर्ण योगदानका गर्ने बताउदैं हुलाक टिकटमार्फत इतिहास, धर्म संस्कृतिको संरक्षण गर्न विभागले त्यस्ता सम्पदा र पहिचानहरुको खोजी गर्दै हुलाक टिकट प्रकाशन गर्ने कार्य गरिरहेको बताइन्।

सोही अवसरमा सञ्चारमन्त्री डा तिमिल्सिनालाई विभागकोतर्फबाट स्वागत तथा विभागको कामकारबाहीको बारेमा जानकारी गराइएको थियो।

# रामेछाप डायरी

## रामेछापमा २४ सय बढी विद्यार्थीले एसइई परीक्षा दिँदै



काठमाडौं- यहि चैत्र १९ गते देखि हुने एसइई परीक्षामा रामेछाप जिल्लाभरीबाट २ हजार ४ सय ६१ जना परीक्षार्थी सहभागी हुने भएका छन। १५५ जना प्राविधिक धारका र २०१ जना ग्रेड वृद्धि सहित २ हजार ४ सय ६१ जना विद्यार्थीले एसइई परीक्षा दिने शिक्षा विकास तथा समन्वय इकाई रामेछापले जनाएको छ।

यो वर्ष गतवर्षभन्दा ३ सय कम विद्यार्थीले परीक्षा दिने शिक्षा विकास तथा समन्वय इकाई प्रमुख नेत्रप्रसाद गजुरेलले जानकारी दिनुभयो। केहि वर्ष यता एसइई परीक्षा दिने विद्यार्थीको संख्या घट्दै गईरहेको छ।

## नेपाल पत्रकार महासंघको स्थापना दिवस:रामेछापमा १२ जनाले गरे रक्तदान

काठमाडौं- पत्रकारहरुको साझा संस्था नेपाल पत्रकार महासंघ आजदेखि ७१औं वर्षमा प्रवेश गरेको छ। ७१औं स्थापना दिवसको अवसरमा जिल्ला शाखा रामेछापले रक्तदान कार्यक्रम आयोजना गरेको हो।

सदरमुकाम मन्थली स्थित देवकोटा चोकमा नेपाल रेडक्रस सोसाईटी शाखा रामेछापको प्राविधिक सहयोगमा भएको कार्यक्रममा १२ जनाले रक्तदान गरेका छन। नेपाल पत्रकार महासंघ रामेछाप शाखाका अध्यक्ष दिपक कुमार घिमिरेका अनुसार पत्रकार सहितका स्थानियले रक्तदान गरेका हुन।



स्थापना दिवसको अवसरमा बिरामीलाई फलफूल वितरण र साँझ पत्रकार महासंघ रामेछापको भवन अगाडी दीप प्रज्वलन कार्यक्रम राखिएको अध्यक्ष घिमिरेले बताउनुभयो। उहाँले पत्रकार, सञ्चारकर्मी र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधर सबैमा शुभकामना समेत व्यक्त गर्नुभयो।

# बालेनलाई कोशी प्रदेशका मन्त्रीको सुझाव : विधिको शासन स्थापित होस्



विराटनगर- नवगठित सरकारले पुराना दलका नेतामाथि धरपकड सुरु गरेपछि कोशी प्रदेश सरकारका प्रवक्ताले केन्द्रीय सरकारलाई विधिको शासन स्थापित गर्न आग्रह गरेका छन्।

बालेन शाह नेतृत्वको सरकारले एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, कांग्रेस तथा तथा पूर्वमन्त्री रमेश लेखक र दीपक खड्कालाई पक्राउ गरेको छ।

नयाँ सरकारले पुराना नेतामाथि धरपकड सुरु गरेपछि कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री इन्द्रमणि पराजुलीले मुलुकमा विधिको शासन स्थापित हुनुपर्ने र निषेधको राजनीति अन्त्य हुनुपर्ने बताएका हुन्।

पत्रकार महासंघ मोरङले आयोजना गरेको षष्टिका बस्नेत सूचनाको अधिकार प्रोत्साहन पुरस्कार हस्तान्त्रण समारोहलाई सम्बोधन गर्दै उनले लामो संघर्ष र बलिदानबाट प्राप्त वर्तमान राजनीतिक व्यवस्थामाथि कुनै पनि प्रकारको संकट आउन दिन नहुने पनि बताए।

'हामी चाहन्छौं मुलुकमा अहिलेसम्मका द्वन्द्वहरूको अन्त्य होस्, नयाँ खालका द्वन्द्वहरू सिर्जना नहुन् र विधिको शासन स्थापित होस्,' उनले भने, 'तर पछिल्ला घटनाक्रमहरूले मुलुकलाई एउटा सही दिशातिर लाने कुरामा कतै शंका त छैन भन्ने खालका संशयहरू पैदा भएका छन्। फेरि मुलुकमा निषेधको राजनीति, द्वन्द्वको राजनीति सुरु हुन लागेको हो कि भन्ने आशंका पैदा भएको छ।'

उनले आग्रह पूर्वाग्रहका आधारमा काम गर्न नहुने पनि बताए। 'कोही मान्छेलाई छनोट गरेर आग्रह-पूर्वाग्रहको आधारमा कारबाहीको विषय बनाउने होइन,' उनले भने, 'एउटा विधिद्वारा, हामीले बनाएको कानुनद्वारा, हामीले बनाएको प्रणालीद्वारा नियमन गर्ने एउटा संस्थागत विकास गर्ने, एउटा पद्धतिको विकास गरोस्, जसले यो मुलुकको द्वन्द्वलाई अन्त्य गर्छ र मुलुकलाई हामीले चाहेजस्तै अगाडि बढाउन मद्दत गर्छ।'

मन्त्री पराजुलीले वर्तमान सरकार दुई तिहाइ नजिकको जनादेशसहित बनेको उल्लेख गर्दै यसले लोकतन्त्र, गणतन्त्र र संघीयतालाई संस्थागत गर्नुपर्ने बताए।

मन्त्री पराजुलीले यो वर्षको षष्टिका बस्नेत सूचनाको अधिकार प्रोत्साहन पुरस्कार धनकुटाका पत्रकार हरिबहादुर लम्जेललाई हस्तान्त्रण गरे। पुरास्कारको राशी २५ हजार रुपैयाँ छ।

# कृषि विभागद्वारा चैते धानको समर्थन मूल्य सिफारिस

काठमाडौं- कृषि विभागले चैते धानको समर्थन मूल्य सिफारिस गरेको छ। विभागले किसानलाई उचित मूल्य सुनिश्चित गर्न विभिन्न २५ जिल्लामा स्थलगत अध्ययनसहितको प्रतिवेदन कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाएको हो।

धानको उत्पादनमा लाग्ने खर्च तथा बीउ, मल, श्रम, मुद्रास्फीति, बजार मूल्य, उत्पादनलागतको विश्लेषण गरिएको प्रतिवेदनमा मूल्य तोक्नका लागि सिफारिस गरिएको विभागका महानिर्देशक प्रकाश सञ्जेलले जानकारी दिए।

विभागको टोलीले स्थलगत अध्ययन गरेपछि उत्पादन लागत, ढुवानी खर्च, बजार मूल्य तथा अन्य सान्दर्भिक आधार समेटेर वैज्ञानिक मूल्यको प्रस्ताव प्राप्त भएको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिए।

प्रस्तावका आधारमा प्रतिक्विन्टल मूल्य तोक्न सरोकारवालासँग छलफल भएको बताउँदै उनले उक्त प्रस्ताव मन्त्रिपरिषद्मा पेस गर्ने तयारी भइरहेको जानकारी दिए।

मन्त्रिपरिषदबाट निर्णय भएपछि मात्र



मूल्य सार्वजनिक गरिने जनाइएको छ। धानको चिस्यान मापदण्डसमेत मूल्याङ्कन गरी किसानद्वारा उत्पादित धानको समर्थन मूल्य सुनिश्चित गरिने छ।

धानको १८ प्रतिशतसम्म चिस्यान भएमा तोकिएको मूल्य लागू हुने जनाउँदै १८ प्रतिशतभन्दा बढी चिस्यान भएमा तौल घटाउने नियम लागू गरिने मन्त्रालयले जनाएको छ। सरकारले तोकेको मूल्यमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत धान खरिद हुने जनाइएको छ।

सरकारले गत वर्ष प्रतिक्विन्टल दुई हजार ८०० समर्थन मूल्य तोकेको थियो। -रासस

# वीर अस्पतालमा वैशाख २० सम्म महिलाको क्यान्सर परीक्षण निःशुल्क

काठमाडौं- वीर अस्पतालले सोमबारदेखि महिलाका लागि निःशुल्क क्यान्सर परीक्षण सुरु गरिएको छ। काठमाडौं महानगरपालिकाले अस्पतालसँगको सहकार्यमा वीर अस्पतालमा आजदेखि महिलाको स्तन, पाठेघर तथा सर्भाकल क्यान्सरको निःशुल्क परीक्षण सुरु गरिएको हो।

क्यान्सर परीक्षण आगामी वैशाख २० गतेसम्म सञ्चालन हुने जनाइएको छ। परीक्षण शुभारम्भमा महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डंगोलले क्यान्सर रोग समयमा पत्ता लगाउन सके जीवन बाँच्नसक्ने बताइन्।

'जाँच गरेर समयमा क्यान्सर पहिचान गर्न सकियो भने उपचार सरल र कम खर्चिलो हुन्छ। जीवन बचाउन सकिन्छ', उनले भनिन्। सोही क्रममा डंगोलले आफ्नो पनि क्यान्सर परीक्षण गरिन्।

राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठानका उपकुलपति प्राडा भूपेन्द्रकुमार बस्नेतले यसअघि समयमा क्यान्सर पहिचान गर्न नसक्दा यो डरलाग्दो बनेको उल्लेख गरे।

अस्पतालका कार्यकारी निर्देशक प्राडा. दिलीप शर्माले महिलाले पटकपटक क्यान्सर परीक्षण गर्नुपर्ने र क्यान्सर लाग्दैमा डराउनु नपर्ने बताए।

महानगरका स्वास्थ्य विभाग प्रमुख दीपक केसीले देशभरिका जोसुकै महिलाले अस्पतालमा गएर क्यान्सर परीक्षण गराउनसक्ने बताए। उनकाअनुसार क्यान्सर परीक्षणका लागि महानगरका ३२ वटा सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रबाट रिफर पुर्जी लिएर वीर अस्पतालमा पुगेर क्यान्सर परीक्षण गराउन सकिनेछ।

महिलाको क्यान्सर परीक्षणका लागि महानगरले अस्पताललाई एक करोड ५० लाख रुपैयाँ उपलब्ध गराएको छ। -रासस

# लुम्बिनी प्रदेशमा तथ्यांक व्यवस्थापन सूचना प्रणाली सुरु



बुटवल। लुम्बिनी प्रदेश सरकारलाई प्रदेश तथ्यांक व्यवस्थापन सूचना प्रणाली हस्तान्तरण गरिएको छ। प्रदेश योजना आयोगको तर्फबाट मुख्यमन्त्री चेतनारायण आचार्यलाई उक्त प्रणाली हस्तान्तरण गरिएको हो। एक कार्यक्रमबीच मुख्यमन्त्री आचार्यले सो सूचना प्रणालीको सोमबार शुभारम्भ गरेका छन्।

मुख्यमन्त्री आचार्यले तथ्यांकमा आधारित नीति निर्माण र निर्णय प्रक्रियालाई प्रभावकारी बनाउन तथ्यांक व्यवस्थापन सूचना प्रणालीले महत्वपूर्ण योगदान पुऱ्याउने बताए।

तीन तहका सरकारले सम्पादन गरेका कामबारे सरकारी निकाय र नागरिक सुसूचित हुन पाउनुपर्ने मान्यताका आधारमा प्रदेश सरकारले पारदर्शिता अभिवृद्धि गर्न विभिन्न उपाय अपनाइरहेको उनले उल्लेख गरे।

प्रदेशका लागि तथ्यांक व्यवस्थापन प्रणाली महत्वपूर्ण पूँजी भएको भन्दै उनले तीनै तहका सरकारका तथ्यांक र सूचना तथा विवरण यस प्रणालीमा समेटिने र प्रदेशका १०९ पालिकालाई यसमा जोडिने जानकारी दिए।

मुख्यमन्त्री आचार्यले प्रणालीको नियमित अद्यावधिक र सञ्चालनका लागि प्रदेश सूचना प्रविधि प्रतिष्ठानलाई जिम्मेवारी दिइएको बताए।

प्रदेश योजना आयोगका उपाध्यक्ष डा डिल्लीराज अर्यालले सुशासन प्रवर्द्धन, प्रभावकारी सेवा प्रवाह र जवाफदेहितालाई केन्द्रमा राखेर प्रणाली निर्माण गरिएको बताए। तथ्यमा आधारित योजना निर्माण, आवधिक योजनाको कार्यान्वयन तथा नियमित अनुगमनलाई यस प्रणालीमार्फत सुदृढ बनाइने उनले स्पष्ट पारे। प्रणालीमा प्रदेश स्थापना भएदेखि हालसम्मका कार्यसम्पादन र उपलब्धिहरूको तथ्यांकगत विश्लेषण समेत समेटिएको उनले बताए।

प्रणालीमा कुल १ हजार १ सय ९६ तथ्यांक चरहरू समेटेर ३४ वटा क्षेत्र विकास गरिएको छ। यसका अतिरिक्त ४२ चरहरू समावेश गरिएको छुट्टै राष्ट्रिय स्तरको तथ्यांक सेट पनि तयार गरिएको छ। ड्यासबोर्डमार्फत सहज र स्पष्ट रूपमा जानकारी प्रस्तुत गर्न १ सय ६४ सूचकहरू विकास गरिएको छ।

बेलायतको अन्तर्राष्ट्रिय विकास सहयोग, द एसिया फाउन्डेसन र सेवा प्रतिष्ठान नेपालको सहकार्यमा प्रदेश योजना आयोगले उक्त प्रणाली तयार पारेको हो।

कार्यक्रममा प्रमुख सचिव कृष्णप्रसाद काप्रीले स्मार्ट गभर्नेसको अवधारणाअनुसार प्रणाली विकास गरिएको जानकारी दिए।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ३५,
२०८२ साल चैत १७ गते मंगलबार
31 MARCH 2026, TUESDAY

# एफनसीसीआईको चुनावमा वस्तुगततर्फ नरेशलालको टिम घोषणा

काठमाडौं- नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई) को आसन्न निर्वाचनमा वस्तुगततर्फ उपाध्यक्षका उम्मेदवार नरेशलाल श्रेष्ठ समूहले आफ्नो प्यानल घोषणा गरेको छ। नरेशलालको समूहले सोमबार काठमाडौंमा एक कार्यक्रम गरी प्यानल घोषणा गरेको हो।



यो समूहले सदस्यमा कमला श्रेष्ठ, भक्तबहादुर हमाल, सुवोधकुमार गुप्ता, लिलेन्द्र प्रधान, पशुपतिदेव पाण्डे, हरिबहादुर कार्की, राजेन्द्र संग्रौला, दुर्गाप्रसाद सुवेदी, निराजन बहादुर चलाउने, सागर ढकाल, कृष्णभक्त श्रेष्ठ, विदुर धमला, सुरज बञ्जाडे र विप्लव अधिकारीलाई मैदानमा उतारेको छ।

कमला, भक्तबहादुर, सुवोध, लिलेन्द्र, पशुपतिदेव र हरिबहादुर अहिलेको कार्यसमितिमा पनि छन्। यस्तै सुनैना घिमिरे पाण्डे र सुधिर पराजुलीलाई पनि यो प्यानलमा राखिएको छ।

कार्यक्रममा एफएनसीसीआईका अध्यक्ष चन्द्र ढकाल पनि उपस्थित थिए। नरेशलालले कृषि, पर्यटन, निर्यात व्यापार, पुँजी बजार, खाद्यान्न, आईटी, घरजग्गा व्यवसाय, जलविद्युत लगायत सबैजसो क्षेत्रलाई समावेश गरी टिम निर्माण गरेको बताए।

नरेशलालको समूहबाट वरिष्ठ उपाध्यक्षका उम्मेदवार हेमराज ढकाल हुन्। ढकालले आफ्नो समूहबाट उपाध्यक्षका उम्मेदवारको नाम एक महिनाअघि नै घोषणा गरेका थिए।

एफएनसीसीआईमा नेयाँ नेतृत्व चयनका लागि यही चैत मसान्तमा साधारणसभा हुँदैछ।

# नोटबन्दी नगर्ने पक्षमा अर्थमन्त्री वाग्ले



काठमाडौं- नवनियुक्त अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले 'नोटबन्दी' नगर्ने प्रष्टीकरण दिएका छन्। उनले सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिने क्रममा नोटबन्दीमा नजाने बताएका हुन्।

उनलाई ट्याग गरेर एक जनाले नोटबन्दीमा नजान सुझाएका थिए। त्यसको जबाफमा स्वर्णिमले नोटबन्दी नगर्ने बताएका हुन्।

सामाजिक सञ्जल एक्समा एक प्रयोगकर्ताले स्वर्णिमलाई सुझाएका छन्- प्रिय स्वर्णिम कृपया लोकप्रिय नाराको पछाडि लागेर भारतले २०१६ मा गरेको जस्तो नोटबन्दी (डिमोनेटाइजेशन) नगर्नुहोस्। यसले काम गर्दैन, बरु गरिबहरूलाई दुःख मात्र दिन्छ र राष्ट्रलाई ठूलो आर्थिक क्षति पुऱ्याउँछ। भ्रष्टाचार नियन्त्रणका लागि अझ प्रभावकारी उपायहरू उपलब्ध छन्।

उनको सुझावमा प्रतिक्रिया दिँदै स्वर्णिमले लेखेका छन्- हामी त्यसो गर्ने छैनौं!

पछिल्लो समय ५०० र १००० दरका नोटहरुमाथि प्रतिबन्ध लगाउनु पर्ने सुझावहरु पनि आउने गरेका छन्। अहिलेका गृहमन्त्रीले जेनजी आन्दोलनलगत्तै पनि ठूला नोटमा प्रतिबन्ध लगाउनु पर्ने सुझाएका थिए।

तत्कालीन सरकारले पनि यस बारेमा छलफल गरेको थियो। पछि नेपाल राष्ट्र बैंकको अध्ययनले नोटबन्दी उपयुक्त होइन भन्ने देखाएपछि सरकार पछाडि हटेको थियो।

# नेपाल उद्योग परिसंघ द्वारा अर्थमन्त्रीको कानुन खारेजी निर्णयको स्वागत




काठमाडौं। नेपाल उद्योग परिसंघ (सीएनआई)ले आर्थिक विकासका लागि बाधक मानिएका कानुन खारेज गर्ने अर्थमन्त्री डा. स्वर्णिम वाग्लेको निर्णयको स्वागत गरेको छ।

सीएनआईले पुराना कानुन खारेजी र नीतिगत सुधारको प्रतिवद्धताको स्वागत गरेको हो।

'विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, क्षतिपूर्ति ऐन, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, नेपाल एजेन्सी ऐनलगायत कानुन खारेज गर्ने सरकारको निर्णय स्वागतयोग्य छ । यसैगरी राजस्व अनुसन्धान विभाग खारेज गर्ने निर्णयको पनि परिसंघ स्वागत गर्दछ,' सीएनआईले आइतबार प्रेस विज्ञप्तिमार्फत भनेको छ।

अर्थमन्त्री वाग्लेले शुक्रबार पद बहालीका क्रममा १५ वटा पुराना कानुन खारेज गर्ने निर्णय गरेका थिए।

लगानीको वातावरण प्रवर्धनमा स्वर्णिमको 'माइलस्टोन' निर्णय, निजी क्षेत्रलाई दिए भरोसा

त्यसैदिन मन्त्रिपरिषद् बैठकले सुशासनका लागि १०० वटा कार्यसूची स्वीकृत गरेको थियो।

कार्यसूचीमा समय तालिकासहित सार्वजनिक सेवा प्रवाहलाई पूर्णरूपमा डिजिटल, एकद्वार र अन्तरआवद्ध प्रणालीमा रूपान्तरण गर्ने, सुशासन प्रवर्धन, भ्रष्टाचार नियन्त्रण तथा सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्ने, पूर्वाधारका आयोजना कार्यान्वयनलाई तीव्रता दिने, जग्गा प्राप्ति, मुआब्जा निर्धारण, रुख कटान तथा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृति फास्ट ट्र्याकमा गर्ने, सार्वजनिक खरिद ऐन संशोधन गर्ने भनिएकामा सीएनआईले यसलाई सकारात्मक भनेको छ।

सरकारी कार्यसूचीमा ७ वर्षदेखि रोकिएको विद्युत् खरिद सम्झौता ६ महिनाभित्र टुंग्याउने, कर प्रशासनलाई स्वचालित बनाउने लगायत विषय समेटिएका छन्।

'सरकारले समग्र आर्थिक विकासका लागि निजी क्षेत्रसँगको सहकार्यलाई पनि उच्च प्राथमिकता दिने विश्वास लिएका छौं,' विज्ञप्तिमा भनिएको छ, 'मुलुकमा थप लगानी, रोजगारी सिर्जनासँगै उत्पादमूलक उद्योगहरुको स्थापना तथा संचालन भई आर्थिक विकासमा मुलुकले नयाँ दिशा कायम गर्ने विश्वास परिसंघको छ।'

# कुमारी बैंकको डेबिट मास्टरकार्ड सेवा सुरु

काठमाडौं- कुमारी बैंक लिमिटेडले मास्टरकार्ड सेवा औपचारिक रूपमा सार्वजनिक गरेको छ। यसले डिजिटल सेवामा महत्वपूर्ण विस्तार हुने अपेक्षा बैंकको छ।

बैंकका प्रमुख कार्यकारी अधिकृत रामचन्द्र खनालले मास्टरकार्ड जस्ता विश्वव्यापी भुक्तानी समाधानले बैंकको सेवा क्षमतामा थप वृद्धि गर्ने बताएका छन्।

कुमारी बैंकका प्रमुख डिजिटल बैंकिङ अधिकृत अनिश ताम्रकारले डेबिट मास्टरकार्डले भौतिक तथा डिजिटल दुवै माध्यमको उपयोग सरल र सुरक्षित हुने जानकारी दिए।

बैंकले जारी गरेको डेबिट मास्टरकार्ड नेपाल, भारत र भुटानका सबै मास्टरकार्ड स्वीकार गर्ने एटीएम र पीओएसमा प्रयोग हुने जनाइएको छ।

# बालेन सरकारको शासकीय सुधार कार्यसूचीले निजी क्षेत्र उत्साहित



काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले सरकारले जारी गरेको शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीको स्वागत गरेका छन्।

उनले मन्त्रिपरिषद् बैठकद्वारा स्वीकृत शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीले मुलुकको शासन प्रणालीलाई परिणाममुखी, पारदर्शी र उत्तरदायी बनाउँदै निजी क्षेत्रसँगको सहकार्यमा लगानीमैत्री वातावरण निर्माण, रोजगारी तथा राजस्व वृद्धि गर्दै मुलुकलाई आर्थिक विकास र समृद्धिको बाटोमा अगाडि बढाउन महत्वपूर्ण आधार तयार गरेको महसुस गरेको बताएका छन्।

विशेषगरी सेवा प्रवाहलाई डिजिटल, सहज र समयबद्ध बनाउने, प्रशासनिक सुधार, भ्रष्टाचार नियन्त्रण, लगानीमैत्री वातावरण निर्माण, निजी क्षेत्रको संरक्षण तथा प्रवर्द्धन, तथा उद्यमशीलता विकासजस्ता विषयहरू समेटिनु सकारात्मक छ। साथै, महासंघले उठाएका धेरै विषयहरू यस कार्यसूचीमा समावेश हुनु थप उत्साहजनक भएको उनले बताएका छन्।

'हामी यस सुधार एजेण्डालाई स्वागत गर्दछौं। यसको प्रभावकारी कार्यान्वयनबाट आर्थिक पुनरुत्थान, रोजगारी सिर्जना र दिगो विकासमा ठोस योगदान पुग्ने विश्वास लिएका छौं,' उनले भनेका छन्।

सरकारको ऐतिहासिक पहललाई सफल बनाउन सरकार र निजी क्षेत्रबीच अझ सशक्त सहकार्य अपरिहार्य रहेको र त्यसका लागि आफूहरु पूर्ण रूपमा प्रतिबद्ध रहेको उनले बताएका छन्।

# सुन महँगिदा गहनाको धितो कर्जा बढ्दो

काठमाडौं- केही वर्षअघिको तुलनामा सुनचाँदीको मूल्य आकाशिएसँगै त्यसलाई धितो राखेर कर्जा लिने क्रम बढेको छ। विभिन्न देशमा भइरहेका युद्ध र नेपालको अस्थिर राजनीतिका कारण सुनचाँदीको डिमान्ड बढ्दा केही वर्षदेखि मूल्य लगातार बढेको हो।

सुनचाँदीको बढ्दो मूल्यसँगै सानो भोलुमको धितोमा बढी कर्जा पाइन थालेको छ। मूल्य बढ्दा थोरै धितोमा बढी ऋण पाइन्छ। सुनचाँदीको मूल्य घट्दा बैंक तथा वित्तीय संस्थाहरूले मार्जिन कल गरेर लोन घटाउनुपर्छ।

पछिल्लो २/३ वर्षयता निरन्तर बढेर तोलाको ३ लाखभन्दा माथि पुगेको सुनको मूल्य हाल २ लाख ८६ हजार रुपैयाँ छ। उच्च दरले मूल्य बढेसँगै सुन धितो राखेर धेरै ऋण लिन पाइन्छ। पहिले ऋण लिएका ऋणीहरूले सोही धितोबाट थप कर्जा पाउँछन वा पाउँदैनन्?

सुनचाँदी धितो राखेर पहिले कर्जा लिइसकेका ऋणीहरूले मूल्य बढेसँगै कर्जाको पुनर्मूल्यांकन हुने वा नहुने बैंकपिच्छे फरक पर्छ।

नेपाल बैंकका प्रमुख कार्यकारी अधिकृत तिलकराज पाण्डेय ऋणीको आवश्यकता अनुसार क्राइटेरिया हेरेर यस्तो कर्जा पुनर्मूल्यांकन गरिने बताउँछन्। विगतमा १ लाख तोला सुन हुँदा कर्जा लिएको ऋणीहरूको अहिले मूल्य बढेसँगै कर्जा पुनर्मूल्यांकन गरी थप ऋण लिन पाउने उनको भनाइ छ।

'हामीले सहज रुपमा सुन धितो कर्जाको पुनर्मूल्यांकन गरिरहेका छौं। अहिले सुनको मूल्य ३ लाखको हाराहारीमा छ,' उनले भने, 'नयाँ ऋणीको हकमा कुनै समस्या नै रहेन। पुरानी ऋणीहरूले बढेको मूल्यको आधारमा थप ऋण लिन सक्छन्।'



केही बैंकहरूले भने पहिलेको कर्जा चुक्ता गराएपछि पुनर्मूल्यांकन गरी नयाँ कर्जा दिने गरिरहेका छन्।

गोल्ड लोन रिटेल प्रडक्ट हो। रिटेड प्रडक्टहरूमा बैंकअनुसार फरक-फरक व्यवस्था छ। राष्ट्र बैंकले यस्तो कर्जाको हकमा कुनै एउटै व्यवस्था हुनुपर्छ भनेको छैन। त्यसकारण बैंकपिच्छे कसैले लोन टू भ्यालु रेसियो ७० प्रतिशतसम्म कर्जा दिन्छन्।

कुनै बैंकहरूले ५० प्रतिशतसम्म मात्रै लोन टू भ्यालु रेसियो कायम गरेका छन्। यस्तो कर्जाको हकमा बैंक र ऋणीबीच प्रडक्ट पेपर एग्रिमेन्ट हुन्छ। त्यसमा लोन टू भ्यालु रेसियो, कर्जा पुनर्मूल्यांकन हुने नहुने लगायतका कुरा प्रष्ट हुन्छ।

माछापुच्छ्रे बैंकका डेपुटी सीइओ सुवास जमरकट्टेल प्रडक्ट पेपरका आधारमा सुन धितो कर्जा पुनर्मूल्यांकन गर्न सकिने बताउँछन्।

'बैंकहरू र ऋणीबीच प्रडक्ट पेपरमा लोन टू भ्यालु रेसियो कति हुने, मूल्य घटबढ हुँदा मार्जिन कल गर्ने र बढ्दा पुनर्मूल्यांकन गर्न मिल्ने नमिल्ने भन्ने एग्रिमेन्ट भएको हुन्छ,' जमरकट्टेलले बिजमाण्डूसँग भने, 'त्यो प्रडक्ट पेपरको आधारमा मार्जिन कल गर्ने र कर्जा पुनर्मूल्यांकन गरी कर्जा थप्ने प्रष्ट हुन्छ।'

अधिकांश बैंकहरूले मूल्य बढ्दा पिरियोडिक समयपछि त्यसमा सहजै पुनर्मूल्यांकन गरी कर्जा थप्ने उनको भनाइ छ। रिटेल कर्जामा कुनै निश्चित मापदण्ड नहुने उनले जानकारी दिए।

चालु आर्थिक वर्षको ७ महिनामा बैंक तथा वित्तीय संस्थाहरूबाट सुनचाँदी धितो कर्जा २६.१ प्रतिशतले बढाएका छन्। गत असारसम्म बैंक तथा वित्तीय संस्थाहरूले सुनचाँदी धितो बापत ८३ अर्ब २८ करोड रुपैयाँ ६४ लाख रुपैयाँ कर्जा प्रवाह गरेकोमा अहिले यस्तो कर्जा बढेर १ खर्ब ५ अर्ब ६ करोड रुपैयाँ पुगेको छ।

आर्थिक वर्ष २०८०/८१ मा बैंक तथा वित्तीय संस्थाहरूले यस्तो कर्जा ५८ अर्ब ४८ लाख रुपैयाँ दिएका थिए। सुन चाँदीको मूल्य बढ्न थालेसँगै थोरै सुन राखेर धेरै कर्जा लिन सकिने भएपछि यस्तो कर्जा वृद्धिदर राम्रो देखिएको बैंकरहरू बताउँछन्।

बैंक तथा वित्तीय संस्थाहरूले सुनचाँदी धितो राखेर दिने कर्जा व्यक्तिगत कर्जा हो। सुनचाँदीको मूल्य बढेर ऋणीको सम्पत्ति बढ्ने भएपनि पुरानो चुक्त्ता गरेपछि पुनर्मूल्यांकन गरेर नयाँ कर्जा दिने कृषि विकास बैंकका एक कर्मचारीले बताए।

खेलकुद

# उपाधि व्यायाम मन्दिरका क्षितिजलाई



काठमाडौं- नवौं 'मिस्टर हिमालय' राष्ट्रिय शारीरिक सुगठन तथा स्पोर्ट्स फिजिक च्याम्पियनसिपको उपाधि नेपाल व्यायाम मन्दिरका क्षितिज थापाले उपाधि जितेका छन् । उनले उपाधिसँगैं ५ लाख नगद पुरस्कार पनि प्राप्त गरे । दुई दिनसम्म (चैत्र १३-१४) सञ्चालन भएको प्रतियोगितामा देशभरबाट १ सय ४ जना खेलाडीले १६ विधामा प्रतिस्पर्धा गरेका थिए ।

७५ केजी वजन समुहबाट समुहगत बिजेता बन्दै च्याम्पियन अफ दि च्याम्पियनमा भिड्ेका क्षितिजले अन्तिम स्पर्धामा जित्दैं वाकी १०३ खेलाडीहरुको चुनौती पन्छाएका थिए । ७५ केजी तौल समूहमा क्षितिज पहिलो हुँदा योगेन्द्र श्रेष्ठ (पावर फिजिकल फिटनेस, काठमाडौं) दोस्रो र दीपक कुमार तिमल्सिना (फ्री स्टाइल एन्ड जिम) तेस्रो भए ।

अन्य नतिजामा ५५ केजी तौल समूहमा सुनिल आले (बुटवल फिटनेस, रुपन्देही), ६० केजी तौल समूहमा सुरेश दुवाल (ट्रान्क्विालिटी स्पा प्रा.लि.), ६५ केजीमा नवराज डुम्बे (भूमहि जिम एन्ड फिटनेस), ७० केजी तौलमा अनिश रसाइली (फ्रेन्ड्स फिटनेस, दाङ), ८० केजीमा दिपजंग रोकामगर (एपेक्स जिम, काठमाडौं) र ८० केजीमाथि तौलमा ललित धिमाल (ग्यालेक्सी फिटनेस, झापा) पहिलो भए ।

महिलातर्फ एथलेटिक्स फिजिक्समा डिभाइन फिजिकल फिटनेस सेन्टरकी उर्मिला श्रेष्ठले प्रथम स्थान हासिल गरिन् । त्यस्तै, यल जिम ललितपुरकी सिता खत्री दोस्रो, द जिम एक्स भक्तपुरकी सुनु श्रेष्ठ तेस्रो भए ।

यसैगरी, महिलातर्फ अन्य विधामा मोडल फिजिक्सतर्फ मन्स्टर जिम एण्ड फिटनेस हबकी बिनु जी.टी, शारीरिक सुगठनमा डिभाइन फिजिकल फिटनेस सेन्टरकी शीला ठकुरी पहिलो भए । बजन समुहका शीर्ष तीन हुनेहरुले क्रमशः ५० हजार, २५ हजार र १५ हजार नगद प्राप्त गरे ।

# मालपोतका तत्कालीन प्रमुखसहित १५ जनाविरुद्ध मुद्दा

धनकुटा । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सरकारी जग्गा व्यक्तिको नाममा कायम गराएको आरोपमा मालपोत कार्यालय धनकुटाका तत्कालीन प्रमुख सुरेश थपलियासहित १५ जनाविरुद्ध मुद्दा दायर भएको छ ।

अख्तियारले आइतबार विशेष अदालतमा आरोपपत्र दायर गरेको हो । आयोगले आइतबार मुद्दा दायर गर्दै ठूलो परिमाणमा भ्रष्टाचार भएको दाबी गरेको हो ।

आरोपपत्रमा तत्कालीन मालपोत प्रमुख सुरेश थपलिया, छुट जग्गा दर्ता समितिका सदस्य तथा शाखा अधिकृत टंकप्रसाद दुवाडी, नापी कार्यालय धनकुटाका तत्कालीन सर्वेक्षक राजेन्द्रप्रसाद यादव, साविक तांखुवा गाविसका सचिव भक्तबहादुर भट्टराई, मालपोतका नायब सुब्बा छविलाल फुयाँल तथा जग्गाधनी माधबहादुर भट्टराईलाई मुख्य आरोपी




बनाइएको छ ।

आयोगका अनुसार उनीहरूले मिलेमतोमा धनकुटाको साविक तांखुवा गाविस-९ मा रहेको कित्ता नम्बर ३८२, ३८३, ३८४ र ३८५ अन्तर्गतको सरकारी जग्गा गैरकानुनी रूपमा व्यक्तिको नाममा दर्ता गराएका थिए । उक्त जग्गा २०६६ साल मंसिर २१ गते माधबहादुर भट्टराईको नाममा कायम गरिएको दाबी गरिएको छ ।

यस प्रकरणमा मुख्य आरोपी सुरेश थपलियाविरुद्ध ६७ लाख ६८ हजार रुपैयाँ बिगो कायम गरी कैद सजायको माग गरिएको छ। सोही बराबर बिगो र कैद सजाय शाखा अधिकृत दुवाडी र सर्वेक्षक यादवविरुद्ध पनि माग गरिएको छ।

तत्कालीन गाविस सचिव भक्तबहादुर भट्टराई र जग्गाधनी माधबहादुर भट्टराईविरुद्ध ६७ लाख ६८ हजार रुपैयाँ बिगोसहित थप १० लाख रुपैयाँ जरिवाना र कैद सजाय माग गरिएको छ। यस्तै, नायब सुब्बा छविलाल फुयाँलविरुद्ध पनि सोही बराबर बिगो र कैद सजाय माग गरिएको छ ।

यसैबीच, प्रकरणमा संलग्न अन्य १० जनाविरुद्ध भने उक्त जग्गा जफतको माग गरिएको छ। हाल जग्गाधनी रहेका खगेन्द्रबहादुर थापा, हिमादेवी बस्नेत, कुमारी मगर, मित्रबहादुर मगर, अम्बरबहादुर मगर, पदमबहादुर सिंजाली, निर्मला घिमिरे, इन्द्रबहादुर मगर तथा स्वर्गीय पूर्णबहादुर थापाको हक सकार गर्ने राजेन्द्र थापासहितका व्यक्तिहरूविरुद्ध जग्गा जफतको माग गरिएको आयोगले जनाएको छ ।

आयोगका सहायक प्रवक्ता गणेशबहादुर अधिकारीका अनुसार सरकारी स्वामित्वको जग्गा अनियमित तरिकाले व्यक्तिका नाममा सार्ने कार्यले राज्यलाई ठूलो नोक्सानी पुगेको ठहर गर्दै कानुनी कारबाही अघि बढाइएको हो ।

# म्याग्दीको मल्कवाङमा केन्द्रीय प्रसारण लाइनमार्फत विद्युतीकरण

म्याग्दी । म्याग्दीको धवलागिरी गाउँपालिका-५ मल्कवाङमा केन्द्रीय प्रसारण लाइनमार्फत विद्युतीकरण भएको छ ।

नेपाल विद्युत् प्राधिकरणले सञ्चालन गरेको 'उज्यालो म्याग्दी' कार्यक्रमअन्तर्गत धवलागिरी गाउँपालिका-६ मराङ हुँदै मल्कवाङमा केन्द्रीय प्रसारण लाइन विस्तार गरेर विद्युतीकरण गरिएको हो ।

मुख्य, शाखा लाइनको पोल गाड्ने, तार तान्ने र एक सय केभिए क्षमताको ट्रान्सफर्मर जडान गरेर स्थानीयको घरघरमा बिजुली बालेर उज्यालो पारिएको धवलागिरी गाउँपालिका-५ का वडाध्यक्ष अमर छन्त्यालले बताए ।

गत मंसिर महिनामा प्रसारण लाइनको परीक्षण र ट्रान्सफर्मरको चार्ज भएको थियो । मिटरबक्स जडान र वायरिङ सकिएपछि यसै महिनादेखि घरघरमा केन्द्रीय लाइनको बिजुली बालिएको वडाध्यक्ष छन्त्यालले बताए ।

'छन्त्याल र दलित समुदायको बसोबास रहेको मल्कवाङमा पहिलो चरणमा ४३ वटा घर, वडा कार्यालय, स्वास्थ्य चौकी र विद्यालयमा ४६ वटा मिटर जडान भएर बिजुली बालेका छौं,' उनले भने, 'होपाखोला टोलमा अर्को चरणमा लाइन विस्तार गरिने विद्युत् प्राधिकरणले प्रतिबद्धता जनाएको छ ।'

धवलागिरी गाउँपालिका-५ मा पर्ने मलम्पार टोलमा गत असारमा विद्युतीकरण भएको थियो भने भेडिखाल्टामा मल्कवाङबाट विद्युत् लगिने भएको छ । यहाँका बासिन्दा हाल नन्दीबाङ खोला लघु जलविद्युत परियोजनाको विद्युत् प्रयोग गर्दै आएका छन् ।

म्याग्दीका १४ स्थानका दुई हजार एक ८३ घरधुरीमा राष्ट्रिय प्रसारण लाइनको विद्युत् सुविधा विस्तारका लागि प्राधिकरणले आर्थिक वर्ष २०८०/८१ देखि २२ करोड रुपैयाँ बजेटको योजना




सञ्चालन गरेको छ ।

यस योजनामार्फत यसअघि मालिका गाउँपालिका-१ निस्कोट, २ रुम, ३ डाडागाउँ, पात्ले, वडा नं -४ ओखरबोटका छ सय, च्युरीबोटका करिब एक सय, धवलागिरी गाउँपालिकाको मलम्पारका १५० र बुलका ४५ घरमा विद्युतीकरण भइसकेको छ ।

३७० घरपरिवारको बसोबास रहेको लुलाङमा ट्रान्सफर्मर चार्ज भइसकेको नेपाल विद्युत् प्राधिकरणको बेनी वितरण केन्द्रका प्रमुख सत्यनारायण गामीले बताए । मालिका गाउँपालिकाको सिस्नेरी र महभिरमा विद्युतीकरणको काम अन्तिम चरणमा पुगेको छ । यो ठेक्कामार्फत धवलागिरी गाउँपालिका-१ को गुर्जाबाहेक बस्तस्हरुमा केन्द्रीय विद्युत् सुविधा पुग्ने केन्द्रका प्रमुख गामीले बताए ।

# गृहमन्त्री गुरुङले मविरुद्ध झुटा जाहेरी दिन लगाएर पक्राउ गर्न खोजे : महेश बस्नेत



काठमाडौं- नेकपा एमालेका सचिव महेश बस्नेतले आफूलाई पक्राउ गर्ने षडयन्त्र भइरहेको बताएका छन् । आइतबार राति सामाजिक सञ्जाल फेसबुकमार्फत उनले पार्टी अध्यक्ष केपी ओलीको पक्राउविरुद्ध भइरहेको आन्दोलनलाई कमजोर बनाउन आफूलाई पक्राउ गर्ने षडयन्त्र भइरहेको बताएका हुन् ।

'मलाई गिरफ्तारी गरी हाम्रो अध्यक्ष केपी शर्मा ओली विरुद्ध भइरहेको प्रतिशोधात्मक गिरफ्तारीको विरोधमा उठेको आन्दोलनलाई कमजोर पार्ने षड्यन्त्र भइरहेको छ,' उनले भनेका छन्, 'तीन वर्षअघि नै एउटा फेक व्यक्तिलाई अगाडि सारेर मेरो विरुद्ध झुट्टा जाहेरी दर्ता गराइएको थियो । उक्त जाहेरी प्रहरी अनुसन्धानबाट नै फर्जी प्रमाणित भइसकेको छ, र सोही विषयमा उच्च अदालत पाटन मा दायर गरिएको रिट समेत अदालतले खारेज गरिसकेको छ । सोही बिषयमा पुनः पूरक जाहेरी दर्ता गरी मुद्दा अदालतमा विचाराधीन रहेको छ । यस्तो अवस्थामा फेरि उही व्यक्तिलाई प्रयोग गरेर तेस्रो पटक नक्कली जाहेरी दिन लगाई मलाई पक्राउ गर्ने योजना बनाएर मिडिया ट्रायल गरिँदैछ ।'

उनले आफूविरुद्ध जाहेरी दिन लगाउने काम गृहमन्त्री सुधन गुरुङले गरिरहेको आरोप लगाएका छन् । 'यो कार्य बालेन शाह नेतृत्वको निरंकुश र अधिनायकवादी शैलीको सरकार तथा गृहमन्त्री सुदन गुरुङ द्वारा सञ्चालित कुकर्म हो। यस्ता कार्यहरूको प्रतिफल उनीहरूले अवश्य भोग्नुपर्नेछ,' उनले भनेका छन्, 'मेरो फोन अफ रहेको र म फरार भएको भन्ने प्रचार पूर्णतः भ्रामक र गलत हो। यस्ता हल्ला फैलाएर जनमत भ्रमित गर्ने प्रयास भइरहेको छ । यस्ता कुकर्महरूको परिणाम अन्ततः सम्बन्धित पक्षका लागि नै कठिन सावित हुनेछ।'

# एएनओको थाइल्याण्ड अध्यक्षमा अमरा राई चयन




काठमाडौं- थाइल्याण्डमै जन्मेकी पाचौं पुस्ताकी अमरा राई विश्वभरका नेपाली मूलका नागरिकहरूको संगठन एशोसिएसन अफ नेपाली ओरिजिन(एएनओ) थाइल्याण्ड कमिटी अध्यक्ष चयन भएकी छन् ।

मार्च २९ गते आइतवार अपरान्ह बैंककमा आयोजित एक कार्यक्रममा थाइल्याण्डमै जन्मेका र पुस्तौंदेखि थाइल्याण्ड र वर्मामा बसोवास गरिरहेका नेपालीहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा थाइल्याण्डका लागि नेपाली राजदूत धनबहादुर ओलीले नेपली कला, संस्कृति, भाषा र परम्परालाई नेपाली मूलका मानिसहरुमा पुस्तान्तरण गर्ने एएनओको अभियानले सकारात्मक परिणाम ल्याउने विश्वास व्यक्त गरे । उनले स्थानीयस्तरका नेपाली संस्थाहरुसँग सहकार्य गर्दै नेपाली भाषा, संस्कृतिको कामलाई अघि बढाउन सुझाव दिए ।

कार्यक्रममा एएनओका महासचिव चूडामणि भट्टराईले एएनओको निवेदनलाई स्वीकार गर्दै नेपाल सरकारले अब कुनै पनि नेपाली मूलको मानिस नेपाल जाँदा विमानास्थलमा विदेशीको लाइनमा बस्नु नपर्ने व्यवस्था मिलाएको जानकारी दिए ।

कार्यक्रममा क्यालिफोर्निया स्टेट युनिभर्सिटीका प्राध्यापक डा.मोहन डाँगीले नेपालीपनको विस्तारको एजेण्डाले मन छोएको बताए । बैंककलाई कर्मभूमि बनाएर प्राध्यापनरत नेपाल पोलिसी इन्टिट्युडका अध्यक्ष डा.खगेन्द्र ढकालले गैरआवासीय नेपाली संघले ३ पुस्ताभित्रका नेपालीमात्र समेट्ने भएकाले त्यसवाहिरका नेपालीलाई समेट्ने संस्थाको रुपमा एएनओ आएकोमा खुसी व्यक्त गरे ।

एएनओको बोर्ड अफ ट्रष्टी सदस्य वात्सना राई र केन्द्रीय कार्य सम्पादन समितिका सदस्य राज कर्माचार्यको समेत उपस्थितिमा गठित राई नेतृत्वको एएनओ थाइल्याण्ड राष्ट्रिय कमिटीमा मिलन घिमिरे, नरेश पाण्डे, सोनिया राई, एमी राई, बसन्ती प्रधान, दीपा पौडेल, अस्मिता न्यौपाने, सुमन कार्की र विक्की सिन्च्यूरी रहेका छन् ।

# राससका कार्यकारी अध्यक्ष धमेन्द्र झाले दिए पदबाट राजीनामा

रासस‌का कार्यकारी अध्यक्ष धमेन्द्र झाले दिए पदबाट राजीनामा

काठमाडौं । वरिष्ठ पत्रकार धमेन्द्र झाले राष्ट्रिय समाचार समिति(रासस)को कार्यकारी अध्यक्ष पदबाट राजीनामा दिएका छन् ।राजीनामा पत्रमा नेपाल सरकारको निर्णयबमोजिम आफू रासस‌को कार्यकारी अध्यक्ष पदमा नियुक्त भएको उल्लेख गर्दै झाले कार्यकालमा आफूले संस्थाको सवोत्तम हितमा काम गरेको बताएका छन् ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ३५,
२०८२ साल चैत १७ गते मंगलबार
31 MARCH 2026, TUESDAY

# मुस्ताङको लेते–धम्पु पुल निर्माणमा ढिलासुस्ती

मुस्ताङ- मुस्ताङस्थित थासाङ गाउँपालिकामा निर्माणाधीन (लेते-धम्पु) प्रिस्टेज पुल निर्माण चरण ढिलासुस्ती देखिएको छ ।

थासाङ गाउँपालिका-३ लेतेस्थित कालीगण्डकी नदी पारी ओझेलमा परेका दुर्गम गाउँहरु जोड्ने (लेते-धम्पु) मोटरेबल पुल निर्माण कम्पनीको चरम ढिलासुस्ती र बेवास्ताका कारण पटक/पटक अलपत्र परेको हो ।

गण्डकी प्रदेश भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गत पूर्वाधार विकास कार्यालयको अख्तियारीमा परेको कालीगण्डकी नदीमा निर्माणाधीन प्रिस्टेज मोटरेबल पुल निर्माणमा चरम ढिलासुस्ती देखिएको हो ।

यहाँ निर्माणाधीन पुलको विसं २०७६ फागुन २९ गते निर्माण कम्पनी देव एण्ड सायर कन्ट्रक्सनसँग रु पाँच करोड पाँच लाख लागतमा ठेक्का सम्झौता गरिएको थियो । सम्झौता अवधि २०७८ साल भदौ २८ गते अर्थात् डेढ वर्षमा सम्पन्न गर्नेगरी ठेक्का सम्झौता भएका थियो ।

एक स्पानको ३५ मिटर लम्बाइ रहने गरी कालीगण्डकी नदीमा निर्माणाधीन (लेते-धम्पु) मोटरेबल पुल फुटपाथसहित ७ दशमलव ९ मिटर चौडा रहने गरी ठेक्का सम्झौता भएको थियो ।

सुरुवाती ठेक्का सम्झौता सकिएर



हालसम्म चार पटकसम्म म्याद थप भइसकेको उक्त पुलको पछिल्लो म्याद थप गरिएको सम्पन्न अवधि २०८३ असार ३१ गतेसम्म कायम भएको पूर्वाधार विकास कार्यालयका प्रमुख जीता गिरीले जानकारी दिए ।

प्रमुख गिरीका अनुसाल (लेते-धम्पु) मोटरेबल पुलको पछिल्लो भौतिक प्रगति ३३ दशमलव १३ प्रतिशत र भौतिक प्रगति ५५ प्रतिशत पुगेको छ ।

हालसम्म निर्माण कम्पनीले पुल निर्माणको काम गरेवापत एक करोड ६३ लाख ६२ हजार रुपैयाँ भुक्तानी लगेको कार्यालय प्रमुख गिरीले बताए ।

कालीगण्डकी नदीमा निर्माणाधीन पुल निर्माणका लागि राष्ट्रिय गौरवको बेनी–जोमसोम सडकमार्ग र मुख्य राजमार्ग सडकदेखि कालीगण्डकी पारी दुईतर्फी आरसीसी फाउण्डेशन र एबुटमेन्टसहित क्याप ढलानको संरचना तयार भइसकेको पूर्वाधार विकास कार्यालय मुस्ताङले जनाएको छ ।

पुल निर्माणका लागि स्ल्याप ढलान, एप्रोज रोड र पुल फिनिसिङलगायत काम बाँकी रहेको प्रमुख गिरीले बताए । लामो समय अवधिदेखि पटक-पटक अलपत्र पर्दै आइरहेको (लेते-धम्पु) पुल निर्माणको काम गत हप्तादेखि सुरु भएको पूर्वाधार विकास कार्यालयले बताएको छ ।

वर्षायाममा कालीगण्डकी नदीको सतह उच्च हुने भएकाले जतिसक्दो चाँडो पुलको स्ल्याब ढलानका लागि निर्माण कम्पनीलाई सचेत गराइएको प्रमुख गिरीले बनाए ।

पुल निर्माणका लागि सम्वन्धित कम्पनीले उपकरण र जनशक्ति कार्यस्थलमा परिचालित गरी अलपत्र पुलको काम सुरु गरिसकेको प्रमुख गिरीको भनाइ छ ।

पुल निर्माणको अलपत्र काम पुनः सञ्चालन भएसँगै त्यस क्षेत्रका स्थानीय नागरिक उत्साहित भएका छन् । थासाङको दुर्गम कालीगण्डकी पारी रहेका गाउँहरू पुल नहुँदा निकै समस्यामा पर्दै आएका छन् । त्यस क्षेत्रका स्थानीय किसानले उत्पादन गरेको कृषि उपज पुल नहुँदा बजारीकरणमा निकै समस्या पर्ने गरेको छ ।

लेते-धम्पु पुल निर्माण सम्पन्न भएमा कालीगण्डकी पारिका आधा दर्जन बस्तीका स्थानीय कृषकले उत्पादन गर्ने कृषि उपजको सहज बजारकरण गर्न सजिलो हुने स्थानीय नवीन शेरचनले जानकारी दिए । छ वर्ष बितिसक्दा पुल सम्पन्न हुन नसक्नु दुर्भाग्य भएको र अब विकास पूर्वाधारका काममा ढिलासुस्ती गर्न नहुने शेरचनको भनाइ छ ।

थासाङस्थित कालिगण्डकी नदी पारीका दुर्गम गाउँहरुमा अहिले संघीय एक निर्वाचन क्षेत्र एक रणनीतिक महत्त्वको कालोपत्र सडक निर्माण अन्तिम चरणमा रहेको र उक्त सडक जोड्ने (लेते-धम्पु) पुल सम्पन्न भएमा मुख्य राजमार्गदेखि कालिगण्डकी पारीका ग्रामीण वस्ती सडक कनेक्टिभिटीसँग जोडिने बताइएको छ ।

# जााचबुझ आयोगको प्रतिवेदन कार्यान्वयनका लागि काठमाडौं प्रहरी परिसर पुग्यो



काठमाडौं । गत २३ र २४ भदौको घटना छानबिन गर्न बनेको जाँचबुझ आयोगको प्रतिवेदन जिल्ला प्रहरी परिसर काठमाडौं पुगेको छ ।

पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको प्रतिवेदन कार्यान्वयन गर्ने सरकारले निर्णय गरेको थियो । त्यसपछि उक्त प्रतिवेदन कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट गृहमन्त्रालयमा पुगेको थियो ।

गृहमन्त्रालयले उक्त प्रतिवेदन कार्यान्वयनका लागि प्रहरी प्रधान कार्यालयलाई दिएको थियो । प्रहरी प्रधान कार्यालयबाट काठमाडौं उपत्यका प्रहरी कार्यालय रानिपोखरी हुँदै उक्त प्रतिवेदन कार्यान्वयनका लागि जिल्ला प्रहरी परिसर काठमाडौं पुगेको छ ।

परिसर काठमाडौंका प्रवक्ता तथा एसपी पवनकुमार भट्टराईले प्रतिवेदन आइपुगेको बताए । 'हामी कहाँ प्रतिवेदन आइपुगेको छ । अब कार्यान्वयनको चरणमा जान्छौं', एसपी भट्टराईले भने ।

उक्त प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय भएसँगै शनिबार बिहानै पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखक पक्राउ परेका छन् ।

अन्य सुरक्षा संयन्त्रको हकमा भने थप छानबिनपछि कारबाही गरिने बताइएको छ । जनेजी आन्दोलनमा भएको हत्याको घटनाका सम्बद्ध रहेको भन्दै कार्की आयोगले ज्यानसम्बन्धी कसुरमा कारबाही गर्न ओली-लेखकलाई सिफारिस गरेको थियो ।

# जनकपुरमा डोजर लगाएर फुटपाथ खाली

जनकपुरधाम- जनकपुरधामको शिवचोकस्थितगंगासगारकोपश्चिमतर्फ रहेको फुटपाथ बजार डोजर लगाएर खाली गराइएको छ। मधेशका गृहमन्त्री फकिरा महतोले आफै नेतृत्व गरी दुई दिन लगाएर फुटपाथ बजार खाली गराएका हुन्।

फुटपाथमा वर्षौंदेखि अस्थायी संरचना राखेर बजार लगाउने गरिएको थियो । त्यसले गंगासागरको पश्चिमतर्फको भागको सौन्दर्यीकरण समेत छोपेको थियो ।

गृहमन्त्री महतोले आफै अगुवाइ गरी नेपाल प्रहरी र नगर प्रहरीको सहयोग लिएर डोजरले फुटपाथ खाली गराएका छन्। आइतबारदेखि केही मात्रै भत्काएपछि बाँकीले सोमबार बिहान



११ बजेसम्मको अल्टिमेटम दिइएको थियो। तर, अटेर गरेपछि सोमबार पुनः डोजर चलाइएको छ।

फुटपाथ व्यवसायीहरूले भने आफ्नो जीविकोपार्जनका लागि वैकल्पिक व्यवस्था हुनुपर्ने माग गरेका छन् । यस्तै उनीहरूले आफ्नो मात्र नभई सार्वजनिक जग्गा अतिक्रमण गरी बनाइएका ठूला भवन र होटेलमा पनि डोजर चलाउन चुनौती दिएका छन्।

# विषय विज्ञताका आधारमा सांसदलाई पनि मन्त्रालयमा खटाउने रास्वपाको तयारी

काठमडौं- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्ना सांसदलाई मन्त्रालयमा खटाउने भएको छ । विषय विज्ञ सांसदलाई सम्बन्धित मन्त्रालयमा खटाउन लागेको हो ।

'तयारी भइरहेको हो, खटाइसकेको छैन । गृहकार्य गर्दै छौं,' रास्वपाका प्रवक्ता मनिष झाले भने ।

सांसद भनेको भविष्यको सम्भावित मन्त्रीसमेत रहेको बताउँदै क्षमता अभिवृद्धिका लागि पनि सहयोग पुग्ने भएकाले मन्त्रालयमा सांसदलाई खटाउन लागेको रास्वपाले जनाएको छ । 'सांसद भनेको भविष्यको मन्त्रीसमेत हो । उसको लागि ट्रेनिङ पनि हुन्छ,' झाले भने ।

कतिपय सांसदले भने आफ्नो विज्ञता भएको मन्त्रालयमा गएर मन्त्रीको कामलाई सहजीकरण र सहयोग गरिरहेका छन् ।

जनभावना अनुसार छिटो छरितो काम गर्नका लागि सांसदले मन्त्रीलाई सहयोग गर्न यो अवधारण अघि सारेको रास्वपाको भनाइ छ ।

प्रवक्ता झाका अनुसार, सांसदका साथै पार्टीको केन्द्रीय विभागका सदस्यहरूलाई पनि खटाउने भएका छ । २१ फागुनमा भएको चुनावमा रास्वपाले झण्डै दुई तिहाइ नजिकको मत ल्याएर सरकार बनाएको हो ।

### पूर्व राष्ट्रपति...

प्रधानमन्त्री समेत रहेका ओलीलाई भदौ २३ र २४ का घटनाको छानबिन गर्न बनेको गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्न भन्दै सरकारको निर्देशनले प्रहरीले शनिबार पक्राउ गरेको थियो । पक्राउपछि उनलाई उपचारका लागि शिक्षण अस्पताल भर्ना गरिएको छ । -रासस

### 'ब्लु बस'...

साधनमा सीसी क्यामेरा जडान गर्ने, राइड सेयरिङ एपहरूमा एसओएस बटन अनिवार्य गरी आकस्मिक तथा खतराको सूचना प्रहरीसम्म तत्काल पुग्ने व्यवस्था मिलाउने कार्य ३० दिनभित्र सम्पन्न गर्ने योजना पनि सरकारले अघि सारेको छ ।

### ओलीमाथि अनुसन्धान ...

अनुसन्धान हुनुपर्ने बताएका हुन् । 'कहिँकतै राजनीतिक आग्रह पूर्वाग्रह नहोस् । निष्पक्षता कायम होस् र स्वतन्त्र ढंगले होस् भन्ने कुरा भनिसकिएको छ,' प्रचण्डले भने ।

प्रचण्डले पूर्वप्रधानमन्त्रीहरूको सम्पत्ति छानबिन गर्ने विषय आफूहरूले नै यसअघि संसदबाट उठाएको बिषय भएको उल्लेख गरे ।

'यो त मैले नै पहिला पार्लियामेन्टमा भनेको हो, सबैको छानबिन होस् भनेर भनेको हुँ,' प्रचण्डले भने ।

प्रचण्डले सरकारले अघि सारेको शासकीय सुधारका १०० बुँदे विषय आफूले हेर्न नपाएको भन्दै विस्तृत रुपमा हेरेपछि प्रतिक्रिया दिने जानकारी दिए ।

### हन्डेड कार्यसूची...

८. आयोगका प्रतिवेदन कार्यान्वयन गरिने ।
९. मन्त्रालय संख्या घटाएर १७ बनाइने ।
१०. सेवा प्रवाह सरल र छिटो बनाइने ।
११. अनावश्यक संस्था हटाइने वा पुनर्संरचना गरिने ।
१२. प्रशासनलाई राजनीतिक प्रभावबाट मुक्त बनाइने ।
१३. कर्मचारीलाई अनुशासित र उत्तरदायी बनाइने।
१४. संघ, प्रदेश र स्थानीय संरचना मापदण्ड बनाइने ।
१५. शिक्षक सेवा व्यवस्थापन प्रदेशबाट गरिने ।
१६. कर्मचारी मूल्याङ्कनलाई परिणामसँग जोडिने ।
१७. सेवा गुणस्तर प्रमाणीकरण प्रणाली लागू गरिने ।
१८. सरकारी कार्यालयको मापदण्ड सुधार गरिने ।
१९. कर्मचारी डिजिटल प्रोफाइल बनाइने ।
२०. नागरिक सेवा केन्द्र स्थापना गरिने ।
२१. नागरिक सेवा पूर्ण डिजिटल बनाइने ।
२२. फ्रन्ट डेस्क कर्मचारीलाई तालिम दिइने ।
२३. सेवा प्रक्रियाको पुनःसंरचना गरिने ।
२४. २४ घण्टे गुनासो प्रणाली लागू गरिने ।
२५. हेलो सरकार प्रणाली सुधार गरिने ।
२६. सेवाहरू समयबद्ध र डिजिटल बनाइने ।
२७. सरकारी कागजात घरमै पुऱ्याइने ।
२८. डिजिटल प्रणाली सुदृढ बनाइने ।
२९. डेटा एकपटक मात्र संकलन गरिने ।
३०. एप र पोर्टल सरल बनाइने ।
३१. नागरिक एपबाट सेवा आवेदन सहज बनाइने ।
३२. सेवा लिन समय तय गर्ने सुविधा दिइने ।
३३. डिजिटल हस्ताक्षर प्रणाली लागू गरिने ।
३४. फाइल ट्र्याकिङ प्रणाली बनाइने ।
३५. प्रमाणपत्र अनलाइन डाउनलोड गर्न मिल्ने बनाइने ।
३६. एकीकृत डिजिटल शासन प्लेटफर्म बनाइने ।
३७. सबै सेवा एउटै प्लेटफर्मबाट उपलब्ध गराइने ।
३८. डिजिटल नियामक निकाय स्थापना गरिने ।
३९. आईटी संरचना एकीकृत गरिने ।
४०. आईटी सम्बन्धी कानून बनाइने ।
४१. डिजिटल आर्किटेक्चर तयार गरिने ।
४२. बेटिङग एप बन्द गरिने।
४३. सम्पत्ति छानबिन समिति गठन गरिने।
४४. सुशासन केन्द्र सुधार गरिने ।
४५. डिजिटल सम्पत्ति ट्र्याकिङ प्रणाली बनाइने ।
४६. भ्रष्टाचारविरुद्ध राष्ट्रिय योजना ल्याइने ।
४७. सदाचार नीति लागू गरिने ।
४८. सार्वजनिक खरिद प्रणाली सुधार गरिने ।
४९. आयोजना व्यवस्थापन सुधार गरिने ।
५०. ई प्रकुमेन्ट प्रणाली लागू गरिने ।
५१. परियोजना सहजीकरण कानून ल्याइने ।
५२. सडक आयोजना समयमै पूरा गरिने ।
५३. लगानी प्रक्रिया सरल बनाइने ।
५४. परियोजनाको लगानी मोडेल तय गरिने ।
५५. एकद्वार लगानी प्रणाली लागू गरिने ।
५६. क्तबचतगउ प्रक्रिया छिटो बनाइने।
५७. स्टार्ट अफ प्रक्रिया सहज बनाइने ।
५८. व्यवसाय दर्ता एकीकृत गरिने ।
५९. रोजगार र सीप केन्द्र बनाइने ।
६०. निजी क्षेत्र प्रवर्द्धन रणनीति लागू गरिने ।
६१. व्यवसाय सुरक्षाको व्यवस्था गरिने ।
६२. अपराधीमाथि कडा कारबाही गरिने ।
६३. प्रभावित व्यवसायलाई राहत दिइने ।
६४.पिएम डेभिरी यनिट स्थापना गरिने ।
६५. लगानी संस्थाहरू एकीकृत गरिने ।
६६. साना उद्योग दर्ता सरल बनाइने ।
६७. डेटा आदानप्रदान प्रणाली बनाइने ।
६८. एससिआर रकम केन्द्रित गरिने ।
६९. निजी क्षेत्र सुरक्षाको रणनीति लागू गरिने ।
७०. ढुवानी अवरोध हटाईने ।
७१. पारदर्शी लगानी वातावरण बनाइने ।
७२. नयाँ पर्यटन क्षेत्र विकास गरिने ।
७३. आरोग्य पर्यटन प्रवर्द्धन गरिने ।
७४. ऊर्जा क्षेत्र सुधार गरिने ।
७५. खानेपानी व्यवस्थापन एकीकृत गरिने ।
७६. जलाधार संरक्षण गरिने ।
७७. शहरी विकास कानून ल्याइने ।
७८. निष्क्रिय स्रोत प्रयोग गरिने ।
७९. ई बिलिङ अनिवार्य गरिने ।
८०. कर प्रणाली सुधार गरिने ।
८१. कोषहरू एकीकृत गरिने ।
८२. खानी क्षेत्र सुधार गरिने ।
८३. भन्सार प्रणाली सुधार गरिने ।
८४. धरौटी रकम उपयोग गरिने ।
८५. स्वास्थ्य सेवा सुधार गरिने ।
८६. शिक्षा क्षेत्रमा राजनीति हटाइने ।
८७. परीक्षा परिणाम समयमै निकालिने ।
८८. नागरिकता बिना स्नातक पढ्न मिल्ने बनाइने ।
८९. कक्षा ५ सम्म परीक्षा हटाइने ।
९०. कृषि क्षेत्र सुधार गरिने ।
९१. सुकुम्बासी समस्या समाधान गरिने ।
९२. सार्वजनिक जग्गा संरक्षण गरिने ।
९३. अपराधसम्बन्धी सम्पत्ति कानून सुधार गरिने ।
९४. सिआईबी लाई प्रविधियुक्त बनाइने ।
९५. अन्तर्राष्ट्रिय संकट अध्ययन गरिने ।
९६. भन्सारमा थन्किएका सवारी व्यवस्थापन गरिने ।
९७. महिलाका लागि निःशुल्क बस सेवा सञ्चालन गरिने ।
९८. सार्वजनिक यातायातमा सुरक्षा बढाइने ।
९९. सहकारी बचत फिर्ता प्रक्रिया सुरु गरिने ।
१००. सबै पक्ष मिलेर सुधार कार्यान्वयन गरिन ।

### आईजीपीलाई...

प्रहरी महानिरीक्षक दान बहादुर कार्कीलगायत उच्च प्रहरी अधिकारीहरुले स्वागत गरेका थिए ।

निरीक्षण भ्रमणका क्रममा गृहमन्त्री गुरूङले नेपाल प्रहरी प्रधान कार्यालयस्थित सङ्ग्रहालय, डिजिटल फरेन्सिक ल्याब, डाटा सेन्टर र पोलीग्राफ सेक्सनको निरीक्षण गर्नका साथै त्यस सम्बन्धी गतिविधिबारे जानकारी लिए ।

विपद् व्यवस्थापनमा नेपाल प्रहरीले अग्रपंक्तिमा रहेर भूमिका निर्वाह गर्नपर्ने हुँदा प्रहरीलाई थप साधनस्रोत युक्त बनाउनुका साथै समयानुकुल आवश्यक तालिमहरूको समेत व्यवस्था गरिने उल्लेख गरे ।

कार्यक्रममा गृहसचिव राजकुमार श्रेष्ठले नेपाल प्रहरीले विभिन्न कठिनाइहरूका बाबजुद प्रतिनिधिसभा सदस्य निर्वाचनलाई ऐतिहासिक रूपमा शान्तिपूर्ण तवरले सम्पन्न गराउन प्रत्येक प्रहरी कर्मचारीले निर्वाह गरेको व्यावसायिक भूमिकाको उच्च सम्मान गरे ।

## बालेनलाई कलाकारहरूले दिए बधाइ

# बालेन भरोसा र आशाको केन्द्र : रेखा



काठमाडौं- चर्चित हिप-हप गायक बालेन्द्र शाह (बालेन) प्रधानमन्त्री बनेसँगै कलाकारहरूले खुसी व्यक्त गरेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट देशको ४३ औं प्रधानमन्त्री बनेका उनलाई कलाकारहरूले सामाजिक सञ्जालमार्फत बधाई दिँदै सफल कार्यकालको शुभकामना व्यक्त गरेका छन् । उनीबाट कलाकारहरूले देशमा ठूलो परिवर्तन र सुशासनको आशा समेत राखेका छन् ।

अभिनेत्री रेखा थापाले सामाजिक सञ्जालमार्फत बालेनलाई ऐतिहासिक कार्यकालको शुभकामना दिँदै उनलाई लाखौं नेपाली जनताको विश्वास, भरोसा र आशाको केन्द्र भनेकी छन् । अभिनेत्री तथा निर्मात्री ऋचा शर्माले पनि प्रधानमन्त्री बालेन र नवनियुक्त मन्त्रीहरूलाई सफल कार्यकालको शुभकामनासहित राष्ट्रलाई फाइदा पुऱ्याउने काम गर्न र देशको मुहार फेर्न आग्रह गरेकी छन् ।

फिल्म निर्देशक तथा अभिनेता निश्चल बस्नेतले पनि नवनियुक्त प्रधानमन्त्री शाहलाई बधाई दिँदै नेपाल हाँसेको र नेपाली खुसीले बाँचेको हेर्न चाहेको बताएका छन् । उनी बालेनका निकै निकट मानिन्छन् । बालेनलाई झापा-५ मा चुनाव जिताउन उनी खुलेरै लागिपरेका थिए । बालेनलाई रवि लामिछानेसँग मिलाउन पनि उनको ठूलो भूमिका रहेको थियो ।

बालेन प्रधानमन्त्री बनेकोमा कलाकारहरू हरिवंश आचार्य, रमेश उप्रेती, सन्दीप क्षेत्री, नीति शाह, सुहाना थापा, जसिता गुरुङ, वर्षा राउत, साम्राज्ञी राज्यलक्ष्मी शाह, निकिता चाण्डक, हरिहर अधिकारी, सन्ध्या केसी, प्रियना आचार्य, प्रेम पुरी लगायतले पनि सामाजिक सञ्जालमार्फत खुसी व्यक्त गर्दै उनलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिएका छन् ।

# बालेनको नयाँ गीत बन्यो युट्युबमा छिटो १० लाख भ्यूज पाउने नेपाली गीत



काठमाडौं- बालेन शाहको नयाँ गीत 'जय महाकाली' ले युट्युबमा कीर्तिमान रच्न थालेको छ । रिलिजको ३ घण्टामै यसलाई १२ लाख पटक हेरिएको छ ।

३ घण्टामा 'रियल टाइम' भ्यूज १५ लाख ७४ हजार छ । यसको अर्थ, बालेनको यो गीत युट्युब प्लाटफर्ममा सबैभन्दा छिटो १० लाख भ्यूज पाउने नेपाली गीत बनेको छ ।

पहिलो १ घण्टामा १ लाख ७ हजार भ्यूज, दुई घण्टामा ४ लाख ५८ हजार भ्यूज र तीन घण्टामा १ मिलियनभन्दा धेरै भ्यूजको आँकडा यसले राखेको छ ।

गीतले जसरी तीव्र गतिमा भ्यूज पाइरहेको छ, नेपाली गीतले युट्युबमा पाउने यो दुर्लभ उपलब्धि हो । भ्यूजको गति हेर्दा यसले २४ घण्टामा युट्युबमा सबैभन्दा धेरै हेरिने नेपाली गीतको रेकर्ड राख्ने पक्का छ ।

अहिलेसम्म यो रेकर्ड दुर्गेश थापा र सिसन बानियाँको गीत 'जाने भए जाम माया'को नाममा छ, जसलाई २४ घण्टाभित्र १६ लाख ३६ हजार पटक हेरिएको थियो ।

दुर्गेशको उक्त गीतले विष्णु माझीको गीत 'आइन आमा यो तीजमा' को १५ लाख भ्यूजको रेकर्डलाई उछिनेको थियो । अब यी सबै रेकर्डलाई बालेनको यो गीतले उछिन्ने पक्का छ ।

'जय महाकाली' गीतको अडियो ११ वर्षअघि नै रिलिज भैसकेको थियो । रि-मास्टरिङ गरेर यसलाई पुनः रिलिज गरिएको हो । चुनावी अभियानका दृश्य समेट्दै भिडियो तयार पारिएको छ । प्रधानमन्त्रीको सपथ लिनुको पूर्वसन्ध्यामा गीत रिलिज गरिएपछि गीतले निकै हाइप प्राप्त गरेको देखिएको छ ।

# 'परालको आगो'को 'दु:ख सुख जिन्दगानी' गीतमा प्रकाश र सुहानाको नृत्य

'परालको आगो'को 'दु:ख सुख जिन्दगानी' गीतमा प्रकाश र सुहानाको नृत्य

काठमाडौं- आगामी बैशाख ११ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'परालको आगो'को दोस्रो गीत 'दु:ख सुख जिन्दगानी' सार्वजनिक गरिएको छ । लोकलयमा आधारित यस गीतमा प्रकाश सपूत र शान्तिश्री परियारको स्वर रहेको छ भने शब्द तथा संगीत प्रकाश स्वयंको हो । गीतमा युवायुवतीले एकअर्कासँग गरेको वाचा र प्रेमभावलाई प्रस्तुत गरिएको छ ।

रामजी लामिछानेले कोरियोग्राफी गरेको गीतको भिडियोमा फिल्मका मुख्य जोडी प्रकाश सपूत र सुहाना थापा देखिएका छन् । फिल्ममा दम्पतीको भूमिकामा रहेका उनीहरूलाई भिडियोमा घाँस-दाउरा, चुलोचौको, खेतीपाती गर्दै गरेको देख्न सकिन्छ । दुवैले आकर्षक नृत्य पनि प्रस्तुत गरेका छन् । ग्रामीण परिवेश र त्यहाँको जीवन शैलीलाई भिडियोमा सुन्दर ढंगले देखाइएको छ ।

लक्ष्मण सुनारको निर्देशनमा बनेको यस फिल्ममा प्रकाश र सुहानासहित सौगात मल्ल, सिर्जना अधिकारी, किशोर भण्डारी, शंकर आचार्य, सरिता भण्डारी, कुल बहादुर अधिकारी, मन्जिला बाँनिया लगायतका कलाकारहरूको अभिनय





देख्न सकिनेछ । हरिओम सिने मेकर्सका सुशील पोखरेल लगानीकर्ता रहेको फिल्ममा सुशील देवकोटाको पटकथा तथा संवाद लेखन छ ।

आधुनिक कथाका प्रणेता मानिने गुरुप्रसाद मैनालीको 'नासो' कथासङ्ग्रहमा सङ्गहित चर्चित कथा 'परालको आगो'बाट प्रेरित भनिएको यस फिल्ममा संकल्प भुजेलको छायांकन, मिलन श्रेष्ठको सम्पादन, रामजी लामिछानेको नृत्य निर्देशन, कनाल कँवरको रंग संयोजन तथा शान्ती ठटाल, सत्य-स्वरुप र प्रकाश सपूतको संगीत रहेको छ ।

# 'निफ'मा 'शोले' निर्देशक सिप्पी र हमालबीच संवाद कार्यक्रम हुने

काठमाडौं- यही चैत १९ गतेबाट काठमाडौंमा हुन लागेको नेपाल अन्तर ष्ट्रिय चलचित्र महोत्सव (निफ)मा भारतीय निर्देशक रमेश सिप्पी र नेपाली अभिनेता राजेश हमालबीच संवाद कार्यक्रम तय भएको छ । 'निफ'को दोस्रो दिन (शुक्रबार) सिप्पी र हमालबीच संवाद कार्यक्रम राखिएको आयोजकले जनाएको छ । कार्यक्रम दिउँसो ३ बजे भृकुटीभण्डपस्थित नेपाल पर्यटन बोर्डमा हुनेछ ।

सिप्पी र हमालको संवाद कार्यक्रमको शीर्षक 'सिनेमा संवाद : रमेश सिप्पी र राजेश हमालसँग' राखिएको छ । कार्यक्रममा नेपाली र बलिउड फिल्मको यात्रा, व्यक्तिगत अनुभव, विश्व फिल्मको विगत, वर्तमान र भविष्यका विषयमा दुई




हस्तीले कुराकानी गर्ने 'निफ'का अध्यक्ष केपी पाठकले बताए । उनका अनुसार 'शोले'का निर्देशक समेत रहेका सिप्पी चैत १८ गते नेपाल आउनेछन् ।

सिप्पी र हमालबीच अंग्रेजीमा संवाद हुने जानकारी दिँदै अध्यक्ष पाठकले भने, 'दुई लेजेन्डको अनुभव, उनीहरूको भोगाइ र फिल्मको विगतदेखि भविष्यका विषयमा उहाँहरूले संवाद गर्नुहुनेछ । निफमा लिजेन्ड निर्देशक सिप्पीको उपस्थितिले बलिउड उद्योग र नेपाली फिल्म क्षेत्रको सम्बन्ध थप विस्तार र मजबुत हुने अपेक्षाले यो कार्यक्रम राखिएको हो ।'

'निफ'को नवौं संस्करण चैत १९ गतेदेखि २३ गतेसम्म हुनेछ । आयोजकका अनुसार महोत्सवमा नेपालसहित ४० देशका ८८ फिल्म देखाइनुका साथै फरक-फरक विषयमा १० वटा अन्तर्क्रियात्मक कार्यक्रमहरू पनि राखिनेछ । प्रतिस्पर्धामा सहभागी नभएका १० वटा चिनियाँ र रसियन फिल्महरू पनि 'निफ'मा प्रदर्शन गरिने जनाइएको छ ।

# 'मिस वर्ल्ड २०२६' को आयोजना भियतनामले गर्ने

काठमाडौं । यसवर्षको 'मिस वर्ल्ड' प्रतियोगिता भियतनाममा आयोजना हुने भएको छ । दक्षिणपूर्वी एसियाली मुलुकले पहिलोपटक प्रतिस्पर्धा आयोजना गर्न लागेको हो ।

यसको पुष्टि 'मिस वर्ल्ड'ले अफिसियल सामाजिक सञ्जालका पृष्ठबाट समेत गरेको छ । यद्यपि, त्यहाँ हुने निश्चित भएपनि यसको औपचारिक घोषणा भने हुन बाँकी छ ।

मिस वर्ल्ड भियतनाम आयोजकले बुधबार राति यसबारे जानकारी दिँदै यस वर्षको मिस वर्ल्ड प्रतियोगितामा १३० भन्दा बढी प्रतिस्पर्धी सहभागी हुने अपेक्षा गरिएको जनाएको छ ।

आयोजकले जारी गरेको वक्तव्यमा भनिएको छ, 'आगामी दिनहरूमा विशेष उत्सवका लागि विश्वका सुन्दरीहरू भियतनाममा भेला हुनेछन् ।'

मिस वर्ल्ड संगठनकी अध्यक्ष जुलिया मोर्ले मार्च २९ मा हो ची मिन्ह सिटीमा हुने मिस वर्ल्ड भियतनाम २०२५ को ग्राण्ड फिनालेमा सहभागी हुने तय भएको छ । उक्त कार्यक्रममा उनले यस वर्षको मिस वर्ल्ड प्रतियोगिताबारे थप जानकारी सार्वजनिक गर्ने अपेक्षा गरिएको छ ।

सन् १९५१ मा बेलायतमा स्थापना भएको मिस वर्ल्ड प्रतियोगिता विश्वको सबैभन्दा प्रतिष्ठित अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामध्ये एक मानिन्छ ।

यो प्रतियोगिताले सौन्दर्य, बुद्धिमत्ता र सामाजिक सेवाप्रतिको प्रतिबद्धता बोकेका प्रतिस्पर्धीलाई सम्मान गर्दै विश्व एकताको सन्देश दिने उद्देश्य राखेको छ ।

पछिल्ला वर्षहरूमा 'ब्युटी विथ अ पर्पस' भन्ने सन्देशलाई अझ प्राथमिकता दिइएको छ, जसका कारण विजेताहरूले विश्वभरबाट राम्रो जनसमर्थन पाउने गरेका छन् ।

नेपालबाट यसवर्ष मिस नेपाल लुना लुइँटेलले मिस वर्ल्डमा सहभागिता जनाउनेछिन् । उनले यसको तयारीस्वरुप



'ब्युटी विथ पर्पस' परियोजना पर्वतको फलेवासमा संचालन गरिरहेकी छन् ।

# 'धुरन्धर २'सँग प्रतिस्पर्धा गर्न हलमा लाग्यो 'हामी तीन भाइ'




काठमाडौं- एक सातादेखि भारतीय फिल्म 'धुरन्धर २'को नेपालका हलमा एकछत्र दबदबा छ । देशभरका अधिकांश हलहरूको शो यही फिल्मको कब्जामा छ भने दर्शकहरू मध्यरातसम्म हलमा ओइरिरहेका छन् । नेपालमा यो फिल्मको क्रेज हेर्दा अझै २-३ साता नेपाली बक्स अफिस राम्रै चलायमान हुने देखिन्छ । फिल्मले नेपालमा २० करोडमाथि कमाउन सक्ने आँकलन गरिएको छ ।

'धुरन्धर २'प्रति दर्शकको अभूतपूर्व आकर्षण देखिइरहँदा राम नवमीको अवसर पारेर शुक्रबारबाट नेपाली फिल्म 'हामी तीन भाइ' प्रतिस्पर्धामा उत्रिएको छ । यसलाई फिल्मका निर्माताले उठाएको ठूलो जोखिम मानिएको छ । देशव्यापी ५० हाराहारी शो पाएको यो फिल्मलाई 'धुरन्धर २'को चुनौती चिर्न दर्शकको सकारात्मक प्रतिक्रिया आवश्यक पर्ने देखिन्छ ।

दाजुभाइबीचको आत्मीय सम्बन्ध र अंशबन्डाको द्वन्द्वलाई केन्द्रीय कथावस्तु बनाएर निर्माण भएको यो फिल्मका निर्देशक मधुसुदन भट्टराई हुन् । उनले यसअघि 'ब्ल्याक मेल', 'ब्ल्याक नाइट', 'निर्भय', 'सुकुलगुन्डा', 'डेस्टिनेशन काठमाडौं' जस्ता फिल्मको निर्देशन गरिसकेका छन् । 'हामी तीन भाइ'मार्फत उनी करिब ७ वर्षपछि निर्देशनमा फर्किएका हुन् ।

यस फिल्ममा विनोद न्यौपाने, लक्ष्मी बर्देवा, फलित राई, जाह्नवी बस्नेत, कुशल विष्ट, आश्मा गिरी, राजाराम पौडेल, रविन्द्र झा, बिष्णु सापकोटा, रमा बिष्ट, सुष्मा निरौला, विरेन श्रेष्ठ लगायतका कलाकारहरूको अभिनय रहेको छ । साजित महत प्रस्तुतकर्ता रहेको फिल्ममा त्रिरत्न श्रेष्ठ र मनोज श्रेष्ठ निर्मातामा छन् । फिल्मका छायाँकार शिव ढकाल र सम्पादक बनिष शाह हुन् ।

# 'यानीमाया'मा पलको जोडी अञ्जना नै हुने




काठमाडौं- अभिनेता पल शाहले निर्माण गर्न लागेको फिल्म 'यानीमाया'मा निर्देशक हेरफेर भएपछि (विकास सुवेदीको ठाउँमा ओम प्रतीक) मुख्य अभिनेत्रीमा अनुबन्धित भएकी अञ्जना पुन मगर हट्न सक्ने चर्चा चलेको थियो । तर, फिल्ममा अभिनेत्री नफेरिने भएको छ । शुक्रबार निर्माण पक्षले एक फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै अञ्जना फिल्ममा यथावत् रहेको जानकारी दिएको छ ।

पोस्टरमा पल र अञ्जनालाई रोमान्टिक अवतारमा प्रस्तुत गरिएको छ । तर, पल केही गम्भीर र मलिन अनुहारमा देखिएका छन् । अञ्जनालाई भने खुसी मुद्रामा देख्न सकिन्छ । उनले मगर समुदायको परम्परागत पोशाक लगाएकी छन् । पोस्टरले अन्तरजातीय प्रेम र भावनात्मक रूपमा गहिरो सम्बन्धको कथामा फिल्म आधारित रहेको संकेत गर्छ ।

पहिलो पटक फिल्ममा सहकार्य गर्न लागेका पल र अञ्जनाले यसअघि केही म्यूजिक भिडियोमा भने काम गरिसकेका छन् । यी दुईले अभिनय गरेको 'मायालाई पानको पात' गीत सर्वाधिक चर्चित छ । यसबाहेक 'जान्छौ र लाहुरेको साथैमा', 'शतप्रतिशत सही हो', 'मैलेभन्दा माया', 'बाँध न बाँध मायाले' लगायतका गीतको भिडियोमा पनि उनीहरूले काम गरेका छन् ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ३५,
२०८२ साल चैत १७ गते मंगलबार
31 MARCH 2026, TUESDAY

# वाडा अटो शोमा बीवाईडी किन्ने ग्राहकलाई विशेष अफर




काठमाडौं- नेपालका लागि बीवाईडीको आधिकारिक वितरक साइमेक्स इंकले वाडा अटो शो २०२६ मा गाडी खरिद गर्न इच्छुक ग्राहकका लागि विशेष अफरको घोषणा गरेको छ।

पोखराको लेकसाइडस्थित तालबाराही चौरमा चैत ११ देखि जारी अटो शोको स्टल ए१२ मा बीवाईडीका सवारी साधन अवलोकन गर्न सकिन्छ। प्रदर्शनीमा बीवाईडी एट्टो १, एट्टो २ र एट्टो ३ राखिएको छ।

प्रदर्शनीमा गाडी खरिद गर्नेहरुले ब्याट्री र मोटरमा १० वर्ष वा २ लाख किलोमिटरको वारेन्टी, १ वर्षको फ्रि इन्स्योरेन्स, १ वर्षको सडक दस्तुर छुट, आकर्षक नगद छुट, फ्रि एसेसरिज, कम्प्लिमेन्ट्री होम चार्जर पाउनेछन्।

यसै सन्दर्भमा साइमेक्स इंकका प्रतिनिधिले भने, 'काठमाडौं बाहिरका ग्राहकहरुसँग जोडिन र बीवाईडीले नेपालको इलेक्ट्रिक मोबिलिटीलाई कसरी पुनर्परिभाषित गरिरहेको छ भन्ने देखाउनका लागि वाडा अटो शो एउटा उत्कृष्ट प्लेटफर्म हो। हाम्रो विशेष अफर र प्रमाणित प्रविधिमार्फत ईभीको स्वामित्वलाई सहज पहुँचयोग्य र फलदायी बनाउने लक्ष्य हामीले लिएका छौं।'

# डेल्टा अटोकर्पको 'नयाँ युगको नयाँ राइड' योजना सार्वजनिक




काठमाडौं- नेपालका लागि प्रिमियम इटालियन स्कुटर ब्रान्ड भेस्पा र अप्रिलियाका आधिकारिक वितरक डेल्टा अटोकर्प प्रालिले नयाँ वर्षलाई लक्षित गर्दै 'नयाँ युगको नयाँ राइड' नामक अफर सार्वजनिक गरेको छ । कम्पनीका अनुसार उक्त अफर चैत १३ गतेदेखि देशभर रहेका आधिकारिक भेस्पा तथा अप्रिलिया शोरूममार्फत उपलब्ध हुनेछ ।

नयाँ वर्षको अवसरमा ग्राहकलाई आकर्षक सुविधा प्रदान गर्ने उद्देश्यसहित ल्याइएको यस योजनाअन्तर्गत स्कुटर नगदमा खरिद गर्दा ८ हजार ३०० रुपैयाँसम्म नगद छुट प्राप्त हुनेछ भने एक्सचेञ्जमार्फत खरिद गर्दा १० हजार रुपैयाँ अतिरिक्त बोनस उपलब्ध गराइनेछ । साथै बजारकै न्यून ४.९९ प्रतिशत ब्याजदरमा किस्ता सुविधा (ईएमआई) समेत उपलब्ध गराइएको कम्पनीले जनाएको छ ।

अफर अवधिमा स्कुटर खरिद गर्ने ग्राहकलाई ब्रान्डेड हेल्मेट र स्कुटर कभरजस्ता नि:शुल्क एक्सेसरीज प्रदान गरिनेछ । अभियानलाई थप आकर्षक बनाउन साप्ताहिक लक्की ड्रको व्यवस्था गरिएको छ, जसअन्तर्गत सहभागी ग्राहकहरूले रूपाकोट रिसोर्टमा लक्जरी गेटवे जित्ने अवसर पाउनेछन् ।

डेल्टा अटोकर्पका प्रमुख कार्यकारी अधिकृत तथा निर्देशक विजय कुमार महतोले नयाँ वर्ष नयाँ यात्रा र अवसर सुरु गर्ने समय भएको उल्लेख गर्दै 'नयाँ युगको नयाँ राइड' अभियानमार्फत ग्राहकलाई प्रिमियम स्कुटरसँगै विशेष अनुभव प्रदान गर्ने लक्ष्य रहेको बताए । कम्पनीले यस अफरमार्फत ग्राहकलाई आत्मविश्वासका साथ नयाँ वर्षको सुरुवात गर्ने अवसर दिने विश्वास व्यक्त गरेको छ ।

# नेपाली अटो बजारमा जीएफ-७ प्रविधियुक्त इन्जिन आयलको प्रवेश

काठमाडौं । नेपालको लुब्रिकेन्ट बजारलाई विश्वस्तरका नवीनतम मापदण्डसँग जोड्ने उद्देश्यका साथ लक्ष्मी ल्युब आयलले नेपालमै पहिलो पटक आईएलएसएसी जीएफ-७ (क्षिक्ब्रः नँ-७) मापदण्डमा आधारित एपीआई एसपी ग्रेडको नयाँ प्यासेन्जर कार इन्जिन आयल रेन्ज सार्वजनिक गरेको छ ।

नेपालका लागि टोटल इनर्जिजको आधिकारिक वितरक लक्ष्मी ल्युब आयलले हालै आयोजित च्यानल पार्टनर्स मिट २०२६ कार्यक्रममा उक्त लुब्रिकेन्ट सार्वजनिक गरेको हो । कम्पनीका अनुसार यससँगै नेपालमा पहिलो पटक जीएफ-७ मापदण्डमा आधारित लुब्रिकेन्ट औपचारिक रूपमा उपलब्ध भएको छ। कार्यक्रममा हाई-पर्फमेन्स रोयल क्रसर १५डब्लू-५० (२.५ लिटर) सेमी-सिन्थेटिक मोटरसाइकल आयल पनि सार्वजनिक गरिएको छ । विशेष गरी रोयल इन्फिल्ड मोटरसाइकललाई लक्षित गरी तयार गरिएको उक्त इन्जिन आयल क्लच प्रोटेक्ट टेक्नोलोजीसहित उपलब्ध रहेको छ, जसले मोटरसाइकलको क्लचको आयु बढाउने कम्पनीले जनाएको छ ।

देशभरबाट २०० भन्दा बढी च्यानल पार्टनरहरूको सहभागिता रहेको कार्यक्रममा टोटल इनर्जिज मार्केटिङ इन्डिया प्रालिका सीईओ तथा एक्जिक्युटिभ डाइरेक्टर विकेन नजरियान, सिनियर म्यानेजर-एक्सपोर्ट्स प्रविण कुमार तथा लक्ष्मी ग्रुपका अध्यक्ष गणेश बहादुर श्रेष्ठसहित कम्पनीका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । कार्यक्रमको मुख्य आकर्षण टोटल इनर्जिज क्वार्ट्ज जीएफ-७ रेन्ज सार्वजनिक गर्नु थियो । यसअन्तर्गत क्वार्ट्ज ९००० फ्युचर जीएफ-७ ०डब्लू-२० र ५डब्लू-३० लगायतका तीन प्रमुख उत्पादनहरू सार्वजनिक गरिएको कम्पनीले जनाएको छ ।




यी इन्जिन आयलहरू नवीनतम आईएलएसएसी जीएफ-७ मापदण्डअनुसार विकसित गरिएका हुन्, जसलाई विशेष गरी टर्बोचार्ज्ड तथा उच्च इन्धन दक्षता भएका आधुनिक पेट्रोल इन्जिनयुक्त सवारी साधनका लागि डिजाइन गरिएको बताइएको छ । नयाँ फर्मुलेसनले लो-स्पिड प्रि-इग्निसन (एलएसपीआई) विरुद्ध प्रभावकारी सुरक्षा, इन्धन दक्षता सुधार तथा इन्जिन सफाइमा उल्लेखनीय सुधार प्रदान गर्ने कम्पनीको दाबी छ ।

कार्यक्रममा उत्कृष्ट व्यवसायिक साझेदारहरूलाई पनि सम्मान गरिएको थियो । 'डिलर अफ द इयर २०२५' का रूपमा जोरपाटीस्थित शंकर यमुना अटो पाट्र्स, 'रिटेलर अफ द इयर २०२५' का रूपमा नक्सालस्थित मोटर मार्ट अटो पाट्र्स तथा 'बेस्ट ओईएम/फ्लिट अफ द इयर २०२५' का रूपमा एलआई सर्भिसलाई घोषणा गरिएको छ । डिलर अफ द इयरलाई थाइल्याण्ड भ्रमणको अवसर प्रदान गरिएको भने बेस्ट रिटेलरलाई वासिङ मेसिन पुरस्कार प्रदान गरिएको कम्पनीले जनाएको छ ।

कार्यक्रमलाई थप आकर्षक बनाउन लक्की ड्रको समेत व्यवस्था गरिएको थियो, जसअन्तर्गत विजेतालाई १९० लिटर क्षमताको फ्रिज प्रदान गरिएको थियो । कम्पनीका अनुसार कार्यक्रम केवल उत्पादन सार्वजनिक गर्ने उद्देश्यमा सीमित नभई देशभर फैलिएको वितरण सञ्जाललाई थप सुदृढ बनाउने रणनीतिक प्लेटफर्मका रूपमा आयोजना गरिएको हो ।

जीएफ-७ प्रविधियुक्त नयाँ इन्जिन आयल तथा मोटरसाइकल लुब्रिकेन्ट सार्वजनिकसँगै नेपाली अटोमोबाइल प्रयोगकर्ताले आधुनिक इन्जिन प्रविधिका लागि उपयुक्त नेक्स्ट जेनेरेसन लुब्रिकेन्ट प्राप्त गर्ने अपेक्षा गरिएको छ ।

# नेपाल सेरामिकको आईपीओ व्यवस्थापन माछापुच्छे क्यापिटलले गर्ने

काठमाडौं । माछापुच्छे क्यापिटल लिमिटेड र नेपाल सेरामिक इण्डष्ट्री लिमिटेडबीच कम्पनीको प्राथमिक सार्वजनिक निष्काशन (आईपीओ) जारी गर्ने सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्ध सेवा प्रदान गर्न आइतबार सम्झौता भएको छ।

सम्झौताअनुसार नेपाल सेरामिक इण्डष्ट्री लिमिटेडले सर्वसाधारणका लागि ३० लाख कित्ता साधारण शेयर (आईपीओ) निष्काशन गर्नेछ । उक्त आईपीओको निष्काशन तथा बिक्री प्रबन्धकका रूपमा माछापुच्छे क्यापिटल लिमिटेड नियुक्त गरिएको हो । सम्झौता



समारोहमा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक माछापुच्छे क्यापिटल लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत उपेन्द्र मालाकार र निष्काशनकर्ता कम्पनी नेपाल सेरामिक इण्डष्ट्री लिमिटेडका अध्यक्ष शम्भुनाथ झाले सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए ।

# हिमालयन बैंकको १० प्रतिशत संस्थापक सेयर सर्वसाधारणमा रूपान्तरण गरिने

काठमाडौं- हिमालयन बैंकले १० प्रतिशत संस्थापक सेयर सर्वसाधारण सेयरमा रूपान्तरण गर्ने निर्णय गरेको छ।

बैंकको संचालक समितिको चैत १५ गते आइतबार बसेको बैठकले यस्तो निर्णय गरेको हो। कम्पनी सचिव विपिन हाडाले उक्त निर्णय नेपाल राष्ट्र बैंकको प्रचलित निर्देशनअनुसार हाल कायम पुँजी संरचनाको आधारमा गरिएको बताए ।

उनका अनुसार, बैंकले सेयर रूपान्तरणका लागि आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया अघि बढाउनेछ । प्रक्रिया पूरा भई सम्बन्धित नियामक निकायबाट स्वीकृति प्राप्त भएपछि संस्थापक सेयरलाई सर्वसाधारण सेयरमा रूपान्तरण गरिनेछ।

बैंकको हाल चुक्ता पुँजी २२ अर्ब ५८ करोड १६ लाख ६२ हजार रुपैयाँ रहेको छ। यसमध्ये ७० प्रतिशत अर्थात् १५ अर्ब ८० करोड ७१ लाख रुपैयाँ संस्थापक समूहको स्वामित्वमा रहेको छ भने ३० प्रतिशत अर्थात् ६ अर्ब ७७ करोड ४४ लाख रुपैयाँ सर्वसाधारण सेयरधनीको स्वामित्वमा रहेको छ।

# नेपालमा एथर रिज्टा एस सार्वजनिक

काठमाडौं । नेपालमा एथर इनर्जीको आधिकारिक वितरक वैद्य इनर्जीले नयाँ इलेक्ट्रिक स्कुटर एथर रिज्टा एस औपचारिक रूपमा सार्वजनिक गरेको छ । यसअघि उपलब्ध रिज्टा जेडको सफलतालाई निरन्तरता दिँदै रिज्टा लाइनअपअन्तर्गत नयाँ स्कुटर नेपाली बजारमा ल्याइएको हो ।

नेपाली परिवारका लागि सरल, व्यावहारिक र पहुँचयोग्य बनाउने उद्देश्यले स्कुटर डिजाइन गरिएको वैद्य इनर्जीका सीईओ सुर्यांश वैद्यले बताए । उनका अनुसार स्कुटरसँगै उपलब्ध एथर एस्योरेन्स प्याकेजले इलेक्ट्रिक सवारीमा स्विच गर्न चाहने ग्राहकका वास्तविक चिन्ताहरू सम्बोधन गर्नेछ ।

एस्योरेन्स प्याकेजअन्तर्गत एथरका आफ्नै डिजाइनका ब्याट्री प्याकहरूमा ३ वर्ष वा ३० हजार किलोमिटरको वारेन्टी उपलब्ध हुनेछ, जसलाई ५ वर्ष वा ६० हजार किलोमिटरसम्म विस्तार गर्न सकिने व्यवस्था गरिएको छ । यी ब्याट्रीहरू विभिन्न राइडिङ अवस्थाहरूमा एक दशकभन्दा बढी परीक्षण गरिएको कम्पनीले जनाएको छ ।

एथरले नेपालभर रणनीतिक स्थानहरूमा ३५ सार्वजनिक फास्ट चार्जर स्थापना गरिसकेको छ, जुन दुईपांग्रे ईभीका लागि सबैभन्दा ठूलो फास्ट चार्जिङ नेटवर्क भएको दाबी गरिएको छ । यी स्टेशनहरूमा एक वर्षसम्म नि:शुल्क चार्जिङ सुविधा उपलब्ध हुनेछ ।

देशभर रहेका एथर एक्सपेरियन्स सेन्टरमार्फत सहज तथा भरपर्दो सेवा प्रदान गरिने कम्पनीले जनाएको छ । साथै सीमित अवधिका लागि वार्षिक मर्मत सम्झौतामा ग्राहकहरूले २० प्रतिशत छुट पनि पाउनेछन् ।

रिज्टा एसमा २.७ किलोवाट आवर क्षमताको ब्याट्री रहेको छ, जसले सिंगल चार्जमा १२३ किलोमिटरको आईडीसी रेन्ज प्रदान गर्छ । स्कुटरले ४.३ किलोवाट पिक पावर उत्पादन गर्ने, अधिकतम गति ८० किलोमिटर प्रतिघण्टासम्म पुग्ने तथा ० देखि ४० किलोमिटर प्रतिघण्टा गति ४.७ सेकेन्डमा हासिल गर्ने कम्पनीको दाबी छ । यसले २२ एनएम टर्क उत्पादन गर्छ ।

क्षयरोगबाट बचौं र बचाऔं ।

- खोक्दा र हाछ्यूँ गर्दा मुख छोप्ने तथा मास्क प्रयोग गर्ने बानी बसालौं,
- दुई हप्ताभन्दा बढी खोकी लागेमा तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराऔं,
- क्षयरोग लागेमा नि:शुल्क परीक्षण र उपचार सेवा प्राप्त गरौं,
- नियमित औषधि सेवनले क्षयरोग निको हुन्छ, चिकित्सकको सल्लाहअनुसार औषधि सेवन गरौं,
- क्षयरोग लागेको विरामीको सम्पर्कमा रहादा सतर्क बनौं,
- विरामीलाई भेदभाव नगरौं, साथ र सहयोग दिऔं,
- क्षयरोग लागेको विरामीलाई पोषणयुक्त खाना र सरसफाइमा ध्यान दिऔं,

"क्षयरोग निको हुन्छ" भन्ने सन्देश फैलाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक: मोहन कार्की (९८५१०८७१५६), सम्पादक: ईन्दिरा धमला, कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार